# अध्याय एक

# शोध परिचय

## १.१ शोध परिचय

विश्वासदिप तिगेलाको जन्म वि.सं. २०३३ कार्तिक २७ गत्ते पाँचथर हात्तीखर्क - २, सुन्तले, धनकुटामा भएको हो । उनका बुबा मिलबहादुर लिम्बू रआमा टिकामाया खापुङ हो । उनलाई साहित्यमा योगदान पुऱ्याए बापत विभिन्न सङ्घ संस्थाले सम्मान तथा पुरस्कार प्रदान गरेको छ । सानैदेखि मिलनसार तिगेलाको बाल्यकाल गाउँमै बित्यो । उनले गाउँको स्कुलबाट शिक्षा अरम्भ गरी आई. ए. सम्मको औपचारिक अध्ययन पुरा गरेको छ ।

विश्वासदिप तिगेला सन् १९९६ मा ब्रिटिस गोर्खा सैनिक भइ कर्पोरल दर्जामा कार्यरट छन् । उनको सेवा नं. २११६९५२० हो । उनका प्रकाशित कृतिहरू :

कवितासङ्ग्रह - **परदेशिको कोसेली कविताहरू** (वि.सं. २०५५),

राजनैतिक शब्दावली तथा लेख सङ्ग्रह - **जनमुक्तिअभियान** (वि.सं.२०५६) र **निष्पक्ष संविधान : समृद्ध राष्ट** (२०६८)

नियात्रासङ्ग्रह - **गृहयुद्धको पीडा** (वि.सं. २०६१) र **देश बोक्नुको पीडा** (वि.सं. २०६४)

भूगोल परिचय — **संक्षिप्त बोर्नियो परिचय** (२०६४)

विश्वासदिप तिगेलाको साहित्यको क्षेत्रमा पुऱ्याएको योगदान तथा जीवनी, व्यक्तित्व र कृतित्वको विविध पक्षलाई यस शोधमा अध्ययनको विषय बाइएको छ ।

## १.२ समस्या कथन

विश्वासदिप तिगेलाको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गर्नु यस शोधको क्षेत्र भएकाले समस्याहरू निम्न अनुसार रहेको छ ।

१. विश्वासदिप तिगेलाको जीवनी र व्यक्तित्व कस्ता छन् ?

२. विश्वासदिप तिगेलाको कृतिहरू के कस्ता छन् ?

३. विश्वासदिप तिगेलाको लेखनयात्रा कस्ता छन् ?

४. विश्वासदिप तिगेलाको योगदानको क्षेत्र कुन कुन हुन् ?

## १.३ उद्देश्यहरू

यस शोधको उदेश्यहरू निम्न अनुसार राखिएको छ ।

१. विश्वासदिप तिगेलाको जीवनी र व्यक्तित्व पहिचान गर्न ।

२. विश्वासदिप तिगेलाको कृतिहरूको चर्चा गर्नु ।

३. विश्वासदिप तिगेलाको लेखनयात्रा उल्लेख गर्नु

४. विश्वासदिप तिगेलाको योगदानको क्षेत्र ठम्याउनु ।

## १.४पूर्वकार्य समीक्षा

विश्वासदिप तिगेलाको बारेमा सामान्य अध्ययन तथा लेखन भएको छ । जुन निम्न अनुसार छन् :

साप्सुका छाल साहित्यिक पत्रिकामा ( ? ) मा ३६ जना गोरखा सैनिकहरू मिलेर प्रकाशन गरेका छन् । यसमा मुख्य गरेर कविताहरू प्रकाशित छन् । यस पत्रिकामा विश्वासदिपको तिगेलाको कविता प्रकाशित छन् ।

वैराँगी काइलाले विश्वासदिप तिगेलाको कविता सङ्ग्रह **परदेशीको कोसेलीहरू** (२०५५) को भूमिकामा उनका कविताहरू प्रवासका अनेकौं पीडाभित्र पनि राष्ट्रप्रेम भावना सँगालिएकाले पाठक समेत डुब्न सक्ने भनी संवेदनशील कविका रूपमा उल्लेख गरेका छन् ।

गोरखा सैनिक विश्वासदिप तिगेला स्वयम्ले सम्पादन गरेका अर्ध वार्षिक पत्रिका **प्रवासीवेदनाका आवाजहरू** (२०५६) पत्रिकामा साहित्यका विभिन्न विधाका

फुटकर सिर्जनाहरू प्रकाशित  छन् । यसभित्रविश्वासदिप तिगेलाका कविता प्रकाशित छ ।

गोविन्दराज भट्टराईले **गृहयुद्धको पीडा** (२०६१) नियात्रा सङ्ग्रहको भूमिकामा विश्वासदिप तिगेलाको संस्मरण सुन्दर र नेपाली साहित्यमा नौलो प्रस्तुति भएकाले तिगेला नयाँ शैलीका साहित्य जन्माउने स्रष्टा भएको चर्चा गरेका छन् । यसै कृतिको विक्रम सुब्बाको मन्तब्य लेखमा तिगेला लाहुरे मात्र नभएर युद्ध विरोधी मानवताप्रेमी संवेदनशील स्रष्टा भएको उल्लेख गरेका छन् ।

मिजास तेम्बे र काङ्माङ नरेशले सम्पादन गरेका **सीमाहीन बिम्बहरू**( संयुक्त कवितासङ्ग्रह, २०६३) मा १८ जना गोरखा सैनिक मात्रको जीवनवृत सहित ५१ वटा कविताहरू सङ्कलित छन् । यसमाविश्वासदिप तिगेलाको परिचय र दुई वटा कविता प्रकाशित छन् ।

नारायण सङ्ग्रौलाले **संक्षिप्त बोर्नियो परिचय** (२०६४) कृतिको भूमिका लेख्ने क्रममाविश्वासदिप तिगेला गहण क्षेत्रमा कलम चलाउने प्रकृतिप्रेमी लेखकको रूपमा लिएका छन् ।

कृष्ण धरावासीले तिगेलाको नियात्रा सङ्ग्रह **देश बोक्नुको पीडा** (२०६४)को भूमिकामा सुन्दरताको आवरणभित्र लुकाइएको मानवीय कुरूपता र विकृतिलाई सहज रूपमा पर्दापण गर्न सक्ने लेखकको रूपमा तिगेलालाई चित्रण गरेका छन् ।

काङमाङ नरेश मिजास तेम्बे र अप्जसे कान्छाले सम्पादन गरेका **ग्रीनविचका प्रतिध्वनिहरू**(संयुक्त कवितासङ्ग्रह, २०६६) भन्ने पुस्तकमा गोरखा सैनिक लगायत अन्य केही साहित्यकारहरूको सिर्जनाहरू प्रकाशित छन् । यसमाविश्वासदिप तिगेलाको परिचय र कविता प्रकाशितछन् ।

**मध्यपश्चिमका समालोचना** (२०६६) पुस्तकमा नवीन विभासले लेखेको 'सिर्जना लाहुरका' मा लाहुरे स्रष्टाहरू प्रतिमान थापा मगर मित्रसेनदेखि

आजसम्मका २२ जना लाहुरे स्रष्टाहरूको नाम र तिनका कृति उल्लेख गर्ने क्रममा विश्वासदिप तिगेलाको नाम र कृतिको उल्लेखगरेका छन् ।

पुरण राईले स्नातकोत्तर नेपाली विषयका शोध **नेपाली साहित्यमा ब्रिटिस गोर्खा सैनिक साहित्यकारहरूको योगदान** (२०६८) मा विश्वासदिप तिगेलाको परिचय दिँदै उनका संस्मरण सङ्ग्रह **गृहयुद्धको पीडा** को विश्लेषण गरेका छन् । यसै गरी राईका पुस्तक **डायस्पोराः लाहुरे स्रष्टा र कविता** (२०६९) मा विश्वासदिप तिगेलाको परिचय , कृति र दुईवटा कविता दिएकाछन् ।

यसरी विश्वासदिप तिगेलाको बारेमा केही अध्ययन भएको देखिए पनि यी अध्ययनहरू सतही र फुटकर मात्र हुन् । तिगेलाको जीवनी, व्यत्तित्व, कृतित्व, लेखन यात्रा तथा योगदानको । विस्तृत र एकीकृत रूपमा अध्ययन गरिएको छैन ।

## १.५ शोध कार्यको औचित्य

वर्तमानमा विभिन्न देशमा रहेर नेपालीहरूले साहित्य सिर्जना गरिरहेका छन् । विश्वासदिप तिगेलाले कविता र संस्मरणहरू प्रवासबाट लेखेका हुन । यस शोधमा साहित्यकार विश्वासदिप तिगेलाको अध्ययन हुनका साथै विदेशमा रहेर साहित्य सिर्जना गर्ने साहित्यकारहरूको सूचना पनि प्रदान गर्नेछ । त्यसैले यस शोधकार्यको औचित्य रहेको छ ।

## १.६ शोध सीमा

विदेशमा कार्यरत रहेर नेपाली भाषा, साहित्यको सञ्चार र भण्डार भर्न योगदान गर्ने शोध नायक विश्वासदिप तिगेलाको विस्तृत अध्ययन भएको छैन । उनी स्वयम्सँग प्रत्यक्ष भेटघाट कुराकानी तथा उनीसँग सम्बन्धित जानकार व्यक्तिसँग प्रत्यक्ष परोक्ष भेटघाट, कुराकानी, प्रकाशित सूचना र उनका कृतिहरूबाट शोधकार्य सम्पन्न गरिएको छ । उनको जीवनी, व्यक्तित्व र कृतित्व नै यस शोधको क्षेत्र वा सीमा रहेको छ ।

## १.७ शोध विधि

विश्वासदिप तिगेलाको जीवनी र व्यक्तित्व पहिचानको लागि स्वयम्सँग प्रत्यक्ष भेटघाट कुराकानी तथा विश्वासदिप तिगेलाबारे सम्बन्धित जानकार व्यक्तिसँग प्रत्यक्ष परोक्ष भेटघाट कुराकानी, प्रकाशित सम्बन्धित सूचना र उनका कृतिहरू नै अध्ययन सामग्री भएकाले सामग्री सङ्कलन विधिमा टेलिफोन, फ्याक्स, इमेल, इन्टरनेट व्यक्तिगत भेट, टेप रेकर्ड आदिबाट सामग्री सङ्कलन गरिएको छ । लिखित रूपमा रहेको सामग्रीलाई पुस्ताकालय विधिबाट सङ्कलन गरिएको छ । यस अध्ययन का लागि पुस्तकालय विधि, खोज विधि र विश्लेषण विधिहरूको प्रयोग गरी शोध कार्य सम्पन्न गरिएको छ ।

## १.८ शोधको रूपरेखा

| | | |
|---|---|---|
| अध्याय एक | : | शोध परिचय |
| अध्याय दुई | : | विश्वासदिप तिगेलाको जीवनी |
| अध्याय तिन | : | विश्वासदिप तिगेलाको व्यक्तित्व |
| अध्याय चार | : | विश्वासदिप तिगेलाको लेखनयात्रा |
| अध्याय पाँच | : | विश्वासदिप तिगेलाको कृतिको विश्लेषण |
| अध्याय छ | : | विश्वासदिप तिगेलाको योगदान |
| अध्याय सात | : | उपसंहार |

# अध्याय दुई

# विश्वासदिप तिगेलाको जीवनी

विश्वासदिप तिगेलाको जन्म वि.सं. २०३३ साल कार्तिक २७ गतेका दिन धनकुटा जिल्लाको हात्तीखर्क गा.वि.स. वार्ड नं. २, सुन्तले टोलमा भएको हो ।[१] दाजुभाइको सोपानमा यिनी माहिला छोरा हुन् । उनका बाजे बमबहादुर लिम्बू, बाबु मिलबहादुर लिम्बू र आमा टिकामाया खापुङ लिम्बू हुन् ।

## २.१ बाल्यकाल

मान्छे जुन भूगोलमा जन्मन्छ, त्यो उनको दोस्रो काख हो । मानिस आमाको काखबाट हुर्कंदै गएपछि उनी त्यही भूगोलमा खेल्न रमाउन थाल्छ । विश्वासदिप तिगेला धनकुटाको हात्तीखर्क २ सुन्तलेमा सामान्य किसान परिवारमा जन्मे । त्यही पहाडी भूगोल अनि जीवनयापनको कृषिजन्य वातावरणमा हुर्के । काम गर्न सक्ने शारीरिक सामर्थ्यसँगै आमा नाना, बाबु, दाज्युसँग मेलापात धाउने, घास गोठाला गर्ने कार्यमा संलग्न हुँदै गए ।

विश्वासदिप तिगेला सानैदेखि लगानशील र परिश्रमी भएकाले बाल्यकालमा तरकारी खेती गर्न पनि निकै सक्षम थिए । विद्यालयको पढाइ सकिएपछि बाटामा नअल्मली छिटै घर फर्केर तरकारी बारीमा जाने गर्दथे ।[२] खेती ठुलो तर परिवार सानो भएकाले घरभान्साको पनि कामहरू गर्दथ्ये । कक्षा ६ देखि अध्ययन गर्न घरदेखि डेढ घण्टा टाढाको विद्यालय भारती माध्यमिक विद्यालय पञ्चमी जानुपरेकाले तिगेलाको खेतीपातीप्रतिको मोहलाई छुटाउँदै लानुपऱ्यो । यसरी उनको बाल्यकाल खेतीपाती र प्राथमिक विद्यालय स्तरीय पढाइको क्रमसँगै बितेको देखिन्छ ।

[१]शोध नायकसँग लिएको लिखित अन्तर्वार्तामा सोधिएको प्रश्न १ को उत्तर अनुसार

[२]ऐजन् प्रश्न २ को उत्तर अनुसार

## २.३ स्वभाव

आफ्नो आम्दानीको दस प्रतिशत सामाजिक सेवामा खर्च गर्ने शोध नायक विश्वासदिप तिगेलाको स्वभाव आत्मीय रहेको छ । छिटो नरिसाउने, नकारात्मक कुरासँग टाढा रहने साहित्यिक, पत्रकार, विश्लेषकसँग बढी नजिक हुन रुचाउने, नवोदित साहित्यकारहरूलाई सहयोग गर्ने उनको बानी रहेको छ । यसरी हेर्दा उनका स्वभाव जिज्ञासु तथा आत्मीय भएको देखिन्छ ।

## २.३ शिक्षा

विश्वासदिप तिगेलाले शिक्षाको आरम्भ गाउँ नजिकको विद्यालयबाट आरम्भ गरे । घरबाट हिँडेर ४५ मिनेट लाग्ने श्री शारदा प्राथमिक विद्यालयमा, बोफ्रेनीमा १ कक्षादेखि ५ कक्षासम्म पढे । यसपछि ६-७ सम्म श्री भारती निम्न माध्यमिक विद्यालय पञ्चमी (हाल उ.मा.वि.) बाट र ८-१० सम्मको अध्ययन श्री जालपा देवी माध्यमिक विद्यालय, पाखीबास, धनकुटाबाट सम्पन्न गरे ।[३] यसरी उनले विद्यालय तहको शिक्षा विभिन्न विद्यालयबाट पुरा गरे ।

विश्वासदिप तिगेलाले वि.सं. २०४९ सालमा एस.एल.सी. परीक्षा उत्तीर्ण गरेपछि धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा कानुनका विद्यार्थी भए । कानुनको विषयमा दोस्रो वर्षमा अध्ययनरत हुँदा जागिरको सिलसिलामा यिनी ब्रिटिस गोर्खा सैनिकमा भर्ती भए तापनि उनी औपचारिक अनौपचारिक अध्ययन गरी नै रहेका छन् । खुल्ला विश्वविद्यालयबाट सूचना प्रविधि विषयमा तिगेलाले सन् २००७ मा अध्ययन सुरू गरे । अहिले सामाजिक विज्ञान विषयमा अध्ययनरत छन् । खुल्ला विश्वविद्यालयले विभिन्न अङ्कन पद्धतिबाट गर्ने प्रक्रिया अनुसार उनले स्नातक तह उत्तीर्ण गरेका छन् ।[४]

विश्वासदिप तिगेलाको अध्ययन यात्रालाई हेर्दा उनले नेपाल र नेपाल बाहिरबाट आफ्नो अध्ययनलाई अगाडि बढाएको छ । उनको पढाइको परीक्षा नतिजा अहिलेसम्म असफल भएको छैन । फेल नभए पनि प्रथम हुन नसकेको

---

[३]ऐजन् प्रश्न ३ को उत्तर अनुसार ।

[४]ऐजन् ।

शोध नायकको स्वीकारयोक्तीको आधारमा हेर्दा उनको पढाइ औसतमा रहेको देखिन्छ ।

## २.४ युगल जीवन

विश्वासदिप तिगेलाको वैवाहिक सम्बन्ध १८ वर्षको उमेरमा वि.सं.२०५१ साल फागुन २४ मा भोजकुमारी थाक्लेनसँग सम्पन्नभयो ।[५] कृषक परिवार तथा घरका विभिन्न सदस्यका कारण सानै उमेरमा विवाह गर्न आवश्यक भएको शोध नायकको भनाइ रहेको छ (ऐजन्) । उनीसँगको लिखित वार्तामा उल्लेख गरेअनुसार उनको प्रेम र मागी विवाह दुवै हो । लिम्बू संस्कृति धामनाचमा नाच्ने क्रममा भोजकुमारी थाक्लेनसँग चिनजान भएको थियो । उनीहरूको यो चिनजान प्रेममा परिणत भयो । चिठीमा एक अर्काका प्रेमहरू साटिए । अन्ततः युगल जीवनमा बाँधिए । यसरी विश्वासदिप तिगेलाले वैवाहिक सम्बन्ध सम्पन्न हुनगयो ।

विश्वासदिप तिगेला आफ्नो जीवन सङ्गीनीसँग सन्तुष्ट छन् । जीवनसाथीसँगको सहयात्रा र सहयोग कस्तो छ ? भनेर जिज्ञसा राख्दा “हरेक हिसाबले समकालीन भएकाले सोचाइ, भोगाइ, योजनाहरूमा एकरूपता भएको, काम र जिम्मेवारी बाँडफाँड गर्दै जीवनलाई अगाडि बढाइरहेको, आफ्नो अनुपस्थितिमा सबै व्यवहार, जिम्मेवारी बहन गरेको, साहित्य र समाज सेवामा सहयोग र शुभेच्छा प्रदान गरेको जस्ता आदिको सहयोग तथा अभिभावकै भूमिका निर्वाह गरेको” भन्दै उनी गौरव गर्छन् ।[६] यसरी हेर्दा विश्वासदिप तिगेलाको युगल यात्रा सहज र अनुकरणीय देखिन्छ ।

## २.५ सन्तानहरू

विश्वासदिप तिगेलाको भोजकुमारी थाक्लेनसँग वैवाहिक सम्बन्ध कायम भएको १६ महिना पश्चात् उनीहरूलाई पहिलो सन्तान प्राप्त भयो । उनीहरूको पहिलो सन्तानको रूपमा छोरी कल्पना लिम्बू (१९९७) को जन्म भयो । छोरीको जन्म हुँदा तिगेला बेलायतीसेनामा कार्यरत भएको ६ महिना भएको थियो । यसै

---

[५] ऐजन् प्रश्न ९ को उत्तर अनुसार ।

[६] ऐजन् प्रश्न १० को उत्तर अनुसार ।

गरी दोस्रो सन्तान मलियाना लिम्बू (१९९९) र तेस्रो सन्तान तङ्नाम लिम्बू (२००६) हुन् । यसरी उनका अहिले दुई छोरी र एक छोरा गरी तिन सन्तानहरू छन् ।

## २.६ जागिरे जीवन

विश्वासदिप तिगेला साधारण कृषक परिवारमा जन्मेका हुनाले अध्ययनमा ठुलो लगानी गरी डाक्टर, इन्जिनियर बन्ने सपनाले छोएन । कानुन पढेर समाजमा न्याय अन्यायको वकालत गर्ने आफ्नो सपनालाई जनवरी १, १९९७ मा ब्रिटिस गोर्खा सैनिक भएपछि त्यही रोके । उनको जागिरे जीवन यही गोर्खा सैनिकबाटै प्रारम्भ भयो । अझसम्म उनी यही पेसामा कार्यरत छन् । अहिले उनी कर्पोरल दर्जामा सेवारत छन् ।

## २.७ साहित्यमा प्रवेश र प्रेरणा

विश्वासदिप तिगेला साधारण कृषक परिवारमा जन्मेका हुनाले किशोर अवस्थामा उनले बुझेका जीवन र पेसा कृषि नै थियो । ७, ८ कक्षामा पुगेपछि उनले साहित्यको पुतस्कहरू पढ्न रुचाएको उनको भनाइ रहेको छ । यही समयमा उनले लेखनाथ पौड्यालको **तरुण तपसी** खण्डकाव्य आवराण पृष्ठ मन परेकाले पढे ।[७] क्याम्पस तहको पढाइमा प्रवेश गरेपछि मोदनाथ प्रश्रिदको **नारी बन्धन मुक्ति** र लिलबहादुर क्षेत्रीको **बसाइँ** उपन्यास पढे । यी कृतिहरू नै साहित्यको प्रेरणा भएको उनको भनाइ छ । यी पुस्तकहरू उनले गोठालामा पढेका थिए ।[८] यही कृतिको प्रभाव स्वरूप निबन्ध लेखनमा तिगेलाले अभ्यास सुरू गरेको निस्चय हुन्छ । उनकोपहिलो लेख “पाठक प्रतिक्रिया” **यलम्बर**पत्रिकामा छापिएका थिए । यसपछि नेपालको भौगोलिक विविधता र मनोरम दृश्य, लाहुरे पेसाको कारण र त्यस पेसाभित्रको पीडा तथा उनीभित्रको मानवीय भावना नै शोध नायक तिगेलाको साहित्य लेखनको प्रेरणा रहेको देखिन्छ । उनका पहिलो साहित्यिक सिर्जना वि. सं. २०५० मुक्तक छापिएको थियो ।

---

[७]ऐजन् प्रश्न १२ को उत्तर अनुसार ।

[८]ऐजन् ।

## २.८ सिर्जना प्रारम्भ

विश्वासदिप तिगेलाको पहिलो लेख "पाठक प्रतिक्रिया" **यलम्बर** पत्रिमा प्रकाशित भएको थियो । पाठक प्रतिक्रिया लेखलाई विधागत वर्गीकरणको आधारमा हेर्दा निबन्ध विधा अन्तर्गत 'पत्रात्मक निबन्ध' मा पर्दछ । त्यसैले शोध नायक तिगेलाको सिर्जना आरम्भ निबन्ध विधाबाट भयो । यसपछि धनकुटाबाट प्रकाशन हुने **जनविश्वास** साप्ताहिकमा समाचार छापेका थिए । यी समाचार लेख छापिँदा उनी अति रोमाञ्चित भएका थिए ।[९] पहिलो साहित्यिक सिर्जना वि. सं. २०५० मा मुक्तक छापिएको थियो । यसपछि सन् १९९९ तिर **विमर्श** मासिक पत्रिकामा पूर्वी टिमोरको बारेमा लेखिएको नियात्रा छापिए । यसरी हेर्दा उनको खास साहित्यिक लेखनको प्रारम्भ निबन्ध विधाबाट सन् १९९९ तद्नुरूप वि.सं. २०५९ देखि भएको देखिन्छ।

## २.९ लेखनको क्षेत्र

विश्वासदिप तिगेलाको लेखनको प्रारम्भ नियात्रा निबन्धबाट भयो । आज उनको लेखनको मुख्य क्षेत्र यही नियात्रा निबन्धनै रहेको छ । नियात्रा नै किन लेख्नुहुन्छ? भन्ने जिज्ञासामा "मेरो प्रत्येक अनुभव, अनुभूतिलाई जीवनको अन्तिम समयसम्म सम्झनको लागि र मैले देखेको बुझेको र जानेका कुराहरू पाठकलाई भन्नको लागि सिर्जना कोर्छु ।" भन्ने उनको भनाइ पनि रहेको छ ।[१०] उनका ६ कृतिमध्ये २ वटा नियात्रा सङ्ग्रह छन् । यसपछि उनका कविता सङ्ग्रह र गीति एल्बम छन् । यसरी हेर्दा उनका लेखनका क्षेत्र निबन्ध र कविता भएको देखिन्छ ।

## २.१० प्रकाशित कृतिहरू

वि. सं. २०५० मा मुक्तक यसपछि सन् १९९९ मा **विमर्श** मासिक पत्रिकामा नियात्रा निबन्ध छपाई साहित्यमा प्रवेश गरेका तिगेलाका कृतिहरू निम्न अनुसार प्रकाशित भएको छ ।

---

[९]ऐजन् ।

[१०]ऐजन् प्रश्न १३ को उत्तर अनुसार ।

### २.१०.१ साहितियक कृतिहरू

| | | |
|---|---|---|
| कविता सङ्ग्रह | - | **परदेशीको कोसेली कविताहरू** (२०५५) |
| निबन्ध सङ्ग्रह | - | **गृहयुद्धको पीडा** (२०६१),**देश बोक्नुको पीडा**( २०६४) |
| गीति एल्बम | - | **गोप्य कुरा** (२०७०) |

### २.१०.२ साहित्य इतरका कृतिहरू

| | | |
|---|---|---|
| शब्द सङ्ग्रह | - | **अभियान** (२०५९) |
| भूगोल परिचय | - | **बोर्नियो परिचय**(२०६४) |
| लेख सङ्ग्रह | - | **निष्पक्ष संविधानः समृद्ध राष्ट्र** (२०६८) |

विश्वासदिप तिगेलाको फुटकर सिर्जनाहरू नियात्रा, कविता, गीत तथा विचारमूलक लेखहरू विभिन्न पत्रिकामा प्रकाशित भएका छन् ।

यी कृतिहरूका अतिरिक्त विश्वासदिप तिगेलाका फुटकर लेखहरू पनि विभिन्न पत्रिका तथा सामूहिक कृतिहरूमा प्रकाशित भएका छन् । उनका ती फुटकर लेखहरू**गरिमा, विमर्श, कान्तिपुर, राजधानी, प्रवासी वेदनाका आवाजहरू, ऐकबद्धता, पत्रिकाहरू र अनेक डायस्पाराका कविता, द हिमालयन बोर्ड, नेपाली नियात्रा** सामूहिक पुस्तकहरूमा प्रकाशित भएका छन् ।[११]

### २.१८ सम्पादन

विश्वासदिप तिगेलाले साहित्य सिर्जना गर्नुका साथै साहित्यिक पत्रिकाको सम्पादन पनि गरेका छन् । उनले **प्रवासी वेदानाको आवाज** पत्रिकाको प्रधान सम्पादक भएर सम्पादन गरेका गरेका छन् ।यसैगरी नेपाली समाचार साप्ताहिक तथा अनलाइन पत्रिका www.nepalisamachar.com का सम्पादक हुन् ।[१२]

### २.१९ भ्रमण

विश्वासदिप तिगेला ब्रिटिस गोर्खा सैनिक हुन् । उनी सैन्य कर्तव्यको सिलसिलामा तथा संयुक्त राष्ट्र सङ्घबाट शान्ति सेनाको भूमिका निर्वाह गर्न

---

[११]ऐजन् प्रश्न १९ को उत्तर अनुसार ।

[१२]ऐजन् प्रश्न १७ को उत्तर अनुसार ।

सिलसिलामा विभिन्न देशको भ्रमण गरेका छन् । उनले भ्रमण गरेका देशहरू निम्न अनुसार रहेको छ[१३]:

हङ्कङ्

ब्रुनाई

बेलायत

अफगानिस्तान

मेसोडोनिय

पूर्वी टिमोर

नेदरल्यन्ड

बेलिज

फिजी

मलेसिया

सिङ्गापुर

फ्रान्स ।

## २.१३ प्रकाशकका रूपमा

विश्वासदिप तिगेलाले विभिन्न साहित्यकारहरूका कृतिहरू प्रकाशित गरिदिएका छन् । उनका यस्तो कार्यले नेपाली साहित्य संवर्द्धनमा योगदान पुगेको छ । यसरी हेर्दा साहित्यप्रति उनको आस्था, विश्वास र विकासमा ठुलो समर्पण रहेको प्रमाणित हुन्छ । उनले प्रकाशित गरिदिएका कृतिहरू निम्न अनुसार छ[१४] :

| **पुस्तक** | **लेखक** | **विधा** |
|---|---|---|
| **जीवन काँडा कि फूल** | झमक घिमिरे | आत्मा कथा |
| **अपदस्त जिन्दगी** | हरिराज खेवा | एकाङ्की नाटक |
| **इमानसिंङ चेम्जोङ** | अमर तम्यहाङ | लिम्बूभाषी महाकाव्य |
| **आतङ्कको छायामुनि** | राज कुमार दिक्पाल | कथा सङ्ग्रह |

[१३]विश्वासदीप तिगेला, **गृहयुद्धका पीडा**, (बेलायत/ब्रुनाईः प्रवासी नेपाली साहित्य समाज, २०६१), पृ. आवरण ।

[१४]शोध नायकसँग लिएको लिखित अन्तर्वार्ताको प्रश्न १६ को उत्तर अनुसार ।

| | | |
|---|---|---|
| **शोवु हाङसा** | सेसेमीसेरेङ नाल्बो | लिम्बू भाषी खण्डकाव्य |
| **शृङ्खला** | लोकेन्द्र तिगेला | कविता सङ्ग्रह |

माथि उल्लेखित कृतिहरूमध्ये झमक घिमिरेका आत्मकथा **जीवन काँडा कि फूल** ले वि.सं. २०६८ मा मदन पुरस्कार प्राप्त गरेको छ । यो कृति सर्वाधिक बिक्री भएको कृति पनि हो । यसका साथै विश्वासदिप तिगेलाको लिम्बू भाषा र साहित्यमा पनि उनको भूमिका र योगदान मूल्याङ्कनीय छ।

## २.१४ वृत्तचित्र निर्माण

विश्वासदिप तिगेलाले साहित्य सिर्जना प्रकाशन गर्नुका साथै वृत्त चित्र निर्माण गरी दृष्यविधाको क्षेत्रमा पनि आफ्नो उपस्थिति जनाएका छन् । उनले वि.सं.२०६२ मा **मृदुल पदम** नामक वृत्तचित्र सिक्किम, भारतमा गरेका छन् ।[१५]

## २.११ शान्ति सेना तथा युद्धमा संलग्नता

विश्वासदिप तिगेला पेसा ब्रिटिस गोर्खा सैनिक हुन् । उनी पूर्वी टिमोरमा सन् १९९९ मा शान्ति सेनाको रूपमा त्यहाँको गृहयुद्ध व्यवस्थापनका लागि गएका थिए । तिगेला सैनिक भएकाले कर्तव्यका सिलसिलामा विभिन्न देशमा ब्रिटिसको तर्फबाट युद्धमा संलग्न भएका हुन् । उनी युद्धमा संलग्न भएका देशहरू[१६] :

पूर्वी टिमोर (सन् १९९९)

मकाडोनिय (सन् २००१)

कोसोभो (सन् २००७)

अफगानिस्तान (सन् २००२)

विश्वासदिप तिगेला यी देशहरूसँग भएको बेलायतको युद्धमा संलग्न भए । उनी सेना मात्र नभइ लेखक र साहित्यकार भएकाले युद्धलाई विजय यात्राको रूपमा मात्र नहेरी उनीभित्रको लेखकीय र साहित्यिक मानवताबाट पनि हेर्ने गर्छन् । त्यसैले उनीभित्रको लेखकीय र साहित्यिक मानवता यसरी बोल्छन् "...युद्धमा गैर सैनिक निर्दोष जनता मर्छन्, एउटा खराब नेता/नेतृत्वको कारण

---

[१५]ऐजन् ।

[१६]ऐजन् प्रश्न नं. ७ को उत्तर अनुसार ।

हजारौं लाखौं निर्दोष जनता मर्नुपर्दछ, ... शक्तिको अगाडि कसैको केही लाग्दैन जुनसुकै असल कानुन भए पनि शक्तिले त्यसलाई बेकाम्मा बनाइदिन्छ" ।[१७] यसरी विश्वासदिप तिगेला युद्धको समयमा निर्दोष नागरिकप्रति वफादार बन्छन् । मानव अधिकारको पक्षमा सैनिकहरूलाई समेत सचेतनाको आह्वान गर्दछन् ।

## २.१२ संस्थागत संलग्नता

विश्वासदिप तिगेला सक्रिय व्यक्तित्व हुन् । साहित्य सिर्जनाका अतिरिक्त विभिन्न सङ्घ संस्थामा उनी संलग्न छन् । उनी संलग्न भएका संस्था र उनको पदीय भूमिका तल उल्लेख गरिएको छ[१८] :

| **पद** | **संस्थाको नाम** | **अवधि** |
|---|---|---|
| अध्यक्ष | विश्व नेपाली साहित्य महासङ्घ के. स. | सन् २०१३-१६ |
| अध्यक्ष | प्रवासी नेपाली साहित्य समाज, बेलायत/ब्रुनाई | सन् २०११-१३ |
| अध्यक्ष | गैर आवासी नेपाली सङ्घ,ब्रुनाई | सन् २०११-१३ |
| केन्द्रीय सदस्य | गै. आ. ने. सङ्घ अन्तराष्ट्रिय समान्वय समिति | |
| महासचिव | अ. ने. सा. स. बेलायत च्यप्टर | सन् २००६-१० |
| सहमहासचिव | नेपाली साहित्य विकास परिषद्,बेलायत | सन् २००७-१० |
| सचिव | धनकुटा प्रतिभा प्रतिष्ठान, बेलायत शाखा | सन् २००७-११ |
| सदस्य | एमोनेस्टी इन्टरनेस्नल लन्डन | |
| केन्द्रीय | सदस्य लिम्बूवान राष्टिय मुक्ति मोर्चा | |
| सदस्य | सङ्घीय समाजवादी पार्टी सुचना तथा सञ्चार विभाग | |

## २.१५ सम्मान, पुरस्कार र पदक

विश्वासदिप तिगेलाले नेपाली साहित्यिमा पुऱ्याएको योगदान बापत विभिन्न सङ्घ संस्थाले सम्मान तथा पुरस्कृत गरेका छन् । यसै गरी उनी ब्रिटिस गोर्खा सैनिक पनि भएकाले विभिन्न पदक ब्रिटिस सरकारले उनलाई प्रदान गरेका छन् :

[१७]ऐजन् ।

[१८]ऐजन् प्रश्न १७ को उत्तर अनुसार ।

**सम्मान**[१९]

स्रष्टा साहित्य चौतारी सम्मान - सन् २०११

तेह्रथुम जनसम्पर्कमञ्च मलेसिया - सन् २०१२

मितेरी स्वागत सम्मान - सन् २०१३

सङ्घर्षमा कलमसाहित्य सम्मान,पोखरा - सन् २०१३

**पुरस्कार**[२०]

अ.ने.सा.स. नारायण तथा जयान्ता प्रसाई वेव पत्रकारिता पुरस्कार, २००७

**पदक**[२१]

इस्ट टिमोर (सन् १९९९)

मेकाडोनिया (सन् २००१)

अफगानिस्तान (सन् २००२)

कोसोभो (सन् २००७)

लङ्ग सर्भिस एन्ड गुड कन्फिडेन्ट मेडल

गोल्डेन जोबिली

डिमान्ड जोबिली

## २.१६ आर्थिक अवस्था

विश्वासदिप तिगेला साधारण कृषक परिवारमा जन्मेका व्यक्ति हुन् । यही निम्न वर्गीय आर्थिक कारणले उनलाई लाहुरे बनाए । उनीसँग हाल भौतिक र साहित्यिक सम्पत्ति छ । यसमा उनका भौतिक सम्पत्ति नेपालको पाखिवास र काठमाडौँमा पक्की घर छ भने बेलायतको ओक्सफोर्ड सहरमा घर जोडेका छन् र बाँकी उनका आफ्नो र अन्य साहित्यहरूको पुस्तक प्रकाशन गरेका साहित्यिक सम्पत्ति छन् । यस आधारमा हेर्दा लाहुरे पेसाबाट जोडेका उनको सम्पत्ति हो उनलाई मध्यम वर्गको रेखाबाट उठेको देखिन्छ । उनले आफ्नो आम्दानीको ५ देखि

[१९]ऐजन् प्रश्न १८ को उत्तर अनुसार ।

[२०]ऐजन् ।

[२१]ऐजन् प्रश्न ७ को उत्तर अनुसार ।

१० प्रतिशत समाज सेवामा लगानी गर्दै पनि आएको छ ।[२२] "अर्थको अर्थ त्यो बेला प्राप्त हुन्छ जो भएको समयमा सहयोग गर्न सकू र साथी भाइ शुभचिन्तकहरू पनि माथि उठ्न सकेको होस्, सम्पत्ति सिद्धिएपछि के सहयोग"[२३] भन्ने उनको भनाइ रहेको छ । यो उनको आदर्श नभएर व्यवहार पनि हो । त्यसैले उनीसँग सम्पत्ति जम्मा जम्मी लगत भौतिक, साहित्यिक र समाज सेवा गरी ३ प्रकारमा वर्गीकरण गर्न सकिन्छ ।

## २.१७ दुःख सुखका क्षणहरू

मानव हो । जीवन बहाना हैन । अनुभूतिको दस्ताबेज हो । भोगाइका क्रमसता हो। सपनाको स्रोतबाट जन्मिने उद्देश्यको रङ्गहरूको यात्रा हो मानवजीवन । तिक्त यथार्थता मात्र जीवन हैन भन्दाभन्दै पनि यस्ता दिनहरू आउँछन् अनि बित्छन् । त्यसैले मानव जीवनमा सम्झना लायकका सुखका क्षणहरू हुन्छन् । विवशताले दिएका दुःखका क्षणहरू हुन्छन् । विश्वासदिप तिगेलासँग दुःख सुखका दुवै क्षणहरू छन् ।

पल्टन घरमा विभिन्न क्षेत्रबाट आएका नेपालीहरूका विभिन्न साहित्यिक संस्थाहरूलाई समायोजन गरेर एउटा व्यवस्थित र विस्तृत बनाउन योजना अनुरूप अघि बढ्दा यसमा आफ्नै साथी भाइबाट कुठाराघात भएकोमा विश्वासदिप तिगेला सन् २००१ को मिति सहित यस घट्नालाई सम्झन्छन् ।[२४] यसै गरी प्रवासी **वेदनाको आवाज** पत्रिका र आफ्नै संस्करण सङ्ग्रह **गृहयुद्धको पीडा** प्रकाशन गर्दा कमान्डरको अनुमति लिनुपरेको साहित्यप्रतिको यस्तो व्यवहार भोग्नु पर्दाका क्षणहरू जीवनमै दुःखद भएको उनी बताउँछन् ।[२५] पछिल्लो समयमा 'विश्व नेपाली साहित्य महासङ्घ' स्थापित गरी विश्वमा छरिएका नेपाली साहित्य र

---

[२२]ऐजन् प्रश्न ३१ को उत्तर अनुसार ।
[२३]ऐजन् ।
[२४]ऐजन् प्रश्न ३२ को उत्तर अनुसार ।
[२५]ऐजन् ।

साहित्यकारलाई सङ्गठित गर्न सफल भएकोमा उनी यसलाई सुखद क्षण सम्झन्छन् ।[२६] यसरी तिगेलाले आफ्नो दु:ख र सुखका क्षणहरू सम्हालेका छन् ।

## २.२० शोध नायकका केही अवधारणा र त्यसमाथिको टिप्पणी

विश्वासदिप तिगेलासँगको लिखित अन्तर्वार्तामा उनले केही अवधारणा राखेका छन् । ती अवधारणाहरूनिम्नानुसार छन् :

### (क) साहित्य सम्बन्धी अवधारणा

साहित्य समाजको वास्तविक प्रतिबिम्ब हो । साहित्य आफैमा ठुलो शक्ति पनि भएकाले सिङ्गो मुलुकलाई जिम्मेवारी र निकास दिन्छ।[२७]

साहित्यले समाजको विभिन्न पाटाहरूको उद्घाटन गर्दछ । साहित्य आवाजहीनहरूको आवाज तथा अलेख्य इतिहासको स्रोत भएकाले साहित्यबाट समाज रूपान्तरणको मार्गनिर्देश उपलब्ध हुन्छ । समाजमा रहेको विकृति, विसङ्गतिमाथि प्रहार हुने हुनाले यस्ता संस्कारबाट समाजलाई बचाएर उज्यालो तिर लैजान सकिन्छ । समाजका समृद्धि नै राष्ट्र निर्माणका औजार भएकाले तिगेलाको अवधारणा र साहित्यको प्रयोजन बिच मेल खाएको छ ।

### (ख) सैनिक पेसा सम्बन्धी अवधारणा

प्रत्येक नागरिकले सैनिक जीवनको अनुभव गर्न बाञ्छनीय हो । ...विश्वकै सबैभन्दा एड्भान्स प्रविधि सैनिकले प्रयोग गर्ने भएकाले सैनिक परिवेशमा धेरै कुरा सिक्न सकिन्छ ...।[२८] शारीरिक कसरत पनि हुने... सबै कुरा समूहमा गर्नुपर्ने ...सबै कुरा अङ्ग्रेजी माध्यमबाट हुने भएकाले आधुनिक विकाससँगै अघि बढिरहेका छौं ।[२९]

पेसा र कर्मले त्यसभित्रको अनुभव र प्रविधि सिकाउँछ । विश्वासदिप तिगेला पेसाप्रति सन्तुष्टि भएको उनको यी अवधारणाले प्रमाणित गरेको छ ।

---

[२६]ऐजन् ।

[२७]ऐजन् प्रश्न १४ को उत्तर अनुसार ।

[२८]ऐजन् प्रश्न ४ को उत्तर अनुसार ।

[२९]ऐजन प्रश्न ८ को उत्तर अनुसार ।

शारीरिक कसरत र सामूहिक भावनाको विकास लाहुरे पेसाबाट हुन जस्ता उनको धारणा सही र सकारात्मक रहेको छ । यसका साथै विश्वका सैनिकहरूले आधुनिक प्रविधिहरू प्रयोग गरेको, अङ्ग्रेजी भाषा आधुनिक विकासको औजार भएको भन्ने विश्वास लेखकमा रहेको छ । यसमा आजसम्म राज्यको प्रमुख अङ्ग र शक्तिमा रहेको सैनिकहरू सुरक्षा र युद्धमा प्रयोग गरिएको छ भने आजसम्म विश्वमा रहेको सैनिकहरूको समाज शास्त्रीय अध्ययन नभएको अवस्था, सैनिकलाई सुरक्षार युद्धमा गरिएको प्रयोग र मानव अधिकार, अङ्ग्रेजी भाषा आधुनिकताका औजार, राज्य रहिन्जेल सैनिक संरचना रहिरहने विश्वास लेखकको परमपरागत धारणमा आधारित भएको मान्न सकिन्छ । यसमा लेखक लेखक नभइ सैनिक भएर सैनिकको दृष्टिबाट प्रस्तुत गरिएको धारणामा सहमत हुन सकिन्छ । एक सैनिक जवानको रूपमा यसबारेको यस्तो विश्लेषण र चेतना उच्च रहेको भन्न सकिन्छ ।

**(ग) लाहुरे इतिहास सम्बन्धी अवधारणा**

लाहुरेहरू आफै सचेत र सजग बन्दै गएका छन् । अब लाहुरे स्रष्टाहरूलाई माया र दयाको भिख दिन आवश्यक छैन । इतिहास आफै खोज्दै बुझ्दै र डकुमेन्ट्रेसन गर्छौ ।[३०]

प्रस्तुत अवधारणा लाहुरे परमपराको इतिहास तथा लाहुरे साहित्यको इतिहासको खोज, अध्ययन र लेखन भएको भन्ने सन्दर्भमा शोध नायक विश्वासदिप तिगेलाले व्यक्त गरेको पूर्वाग्रहपूर्ण र कठोर अभिव्यक्ति हो । तर यसबारे अध्ययन भइरहेको छ । लाहुरेको इतिहासको एकीकृत रूपमा लेखन डा. सुरेन्द्र के.सी.ले **गोर्खा भर्ती कथा व्यथा र आन्दोलन** वि.सं. २०६२ मा प्रकाशित गरेका छन् । यसै गरी राधेश्याम लेकाली र महेन्द्र विष्टको सम्पादकत्वमा **ब्रिटिस गोर्खा सन्धिदेखि सर्वोच्चसम्म** (२०५९) भन्ने पुस्तकमा विभिन्न विद्वानहरूको लेख सङ्ग्रह निकालेका छन् । लाहुरे साहित्यतर्फ पुरण राईले वि.सं. २०६८ मा **नेपाली साहित्यमा ब्रिटिस गोर्खा सैनिक साहित्यकारको योगदान** विषयमा एकीकृत रूपमा अध्ययन गरेका छन् भने राईले नै डायस्पोरा सिद्धान्तका दृष्टिले लाहुरे कवितालाई

[३०]ऐजन् प्रश्न २० को उत्तर अनुसार ।

केन्द्रीत गरेर **डायस्पोरा : लाहुरे स्रष्टा र कविता** (२०६९) प्रकाशित गरेका छन् । राईले नै १५० वर्ष लामो लाहुरे साहित्यको इतिहासलाई **ब्रिटिस गोर्खा सैनिक साहित्यको इतिहास** (२०७०) पुस्तक प्रकाशित गरेका छन् । यसबारे शोध नायकको उदार देखिएको छैन । यी कार्यको संवर्द्धन मूल्याङ्कन गरिएको वा नगरिएको बारेमा उल्लेख नगरी यस्तो आवेश अभिव्यक्त गरेर शोध नायक चुक्न पुगेको देखिन्छ । त्यसैले अब लाहुरे स्रष्टालाई माया र दयको भिख दिन आवश्यक छैन भन्ने उनको धारणाले उनका लेखकीय गुण र धर्मलाई ओझेलमा पारेको छ । [redacted]

सिर्जना त्यसबेलासम्म मात्र स्रष्टाको व्यक्तिगत हुन्छ जुन बेलासम्म उनले प्रकाशन गर्दैन । तर प्रकाशन गर्न सार्वजनिक गर्नु हो, सबैको बनाउनु हो, राष्ट्रको बनाउनु हो । लेख्दैमा इतिहास हुने, नलेख्दा इतिहास नहुने भन्दा पनि इतिहासको मूल्य मान्यता बोकेको खण्डमा नलेखिए पनि त्यो इतिहास कहलाँउछ । लाहुरे नेपाली हो । यसको जिम्मेवार राज्य नै हो । लाहुरे सिर्जनाका क्रमसता र व्यतीत कालखण्ड निश्चय पनि एउटा इतिहास हो । यस दृष्टिले विश्वासदिप तिगेलाको आक्रोस र कुन्ठा स्वभाविक रहेको मान्न सकिन्छ ।

### (घ) प्रवासी लेखक र संस्थाप्रति अवधारणा

प्रवासबाट नयाँ नौलो र विभिन्न स्वादका लेखनहरू आउँदैछ ... पराई भूमिका पाइला पाइलामा चुनौती र समस्या थपिने भएकाले सङ्गठित हुन स्वत आवश्यक छ ।[३१]

नेपालमा साठ्ठीको दसकदेखि डायस्पोरा साहित्यको चर्चा हुन थालेको छ भने डायस्पोरा साहित्यको उत्पत्ति र क्षेत्र प्रवास नै हो । त्यसैले प्रवासबाट नयाँ नयाँ स्वादको साहित्य नेपाली साहित्यमा आइरहेको भन्ने विश्वासदिप तिगेलाको धारणा सान्दर्भिक र महत्वपूर्ण रहेको छ । हङकङमा रहेर देश सुब्बाले "भयवाद"

---

[३१]ऐजन् प्रश्न २१ को उत्तर अनुसार ।

ल्याए । यसरी हेर्दा प्रवासबाट नयाँ अनुभूति, दर्शन, संस्कृति, मूल्यमा आधारित साहित्यको आगमन भइरहेको छ ।

परदेश नौलो समाज, संस्कृति, भूगोल राजनीति भएको ठाउँ भएकले त्यहाँ विभिन्न चुनौती र समस्या हुने गर्छ । यसले गर्दा सङ्गठित हुनुपर्छ भन्ने विश्वासदिप तिगेलाको धारणा सही देखिन्छ । यसैगरी नेपाली पहिचान र एकताको लागि पनि प्रवासमा सङ्घ संस्थाहरूको महत्व हुने हुँदा तिगेलाको यी धारणा महत्वपूर्ण रहेको छ ।

**(ङ) प्रवासी साहित्यप्रति राष्ट्रको दायित्व सम्बन्धी धारणा**

... नेपाल प्रज्ञा प्रतिष्ठान, त्रिभुवन विश्वविद्यालयको नेपाली विभाग लगायतले प्रवासमा लेखिँदै आएको साहित्यलाई अध्ययन गरिदिनु पर्‍यो ... प्रवासका उन्नत साहित्यलाई प्रोत्साहित गर्नुपर्‍यो ।[३२]

माथि उल्लेखित विश्वासदिप तिगेलाको अभिमत जायज छ । नेपाली साहित्य विभिन्न राष्ट्र भाषा तथा विभिन्न मुलुकबाट सिर्जना भएको छ । यस्ता साहित्यको अध्ययन र संवर्द्धन गर्नका लागि भाषा साहित्यको नेतृत्वमा रहेको विश्वविद्यालय, प्रज्ञा प्रतिष्ठानले यसको विशिष्टीकरण गरी अध्ययन अनुसन्धान गर्न गराउनु अनिवार्य छ । यसरी नेपाली साहित्यको भण्डार विशाल बन्न जान्छ ।

प्रस्तुत अवधारणा लेखकसँग लिइएको लिखित अन्तर्वार्ताको क्रममा लेखकले अभिव्यक्त गरेको अवधारणा हो । यी अवधारणाहरूको पूर्ण पाठ परिशिष्टमा राखिएको छ ।

[३२]ऐजन् प्रश्न २७ को उत्तर अनुसार ।

# अध्याय तिन
# विश्वासदिप तिगेलाको व्यक्तित्व

## ३. विश्वासदिप तिगेलाको व्यक्तित्वका विभिन्न पाटाहरू

साधारण कृषक परिवारमा जन्मेका विश्वासदिप तिगेलाका विभिन्न व्यक्तित्वका पाटाहरू छन् । मेहनत र सङ्घर्षले उनलाई सफल जीवनको मार्गमा डोऱ्याए । उनी साहित्यकार भएर पनि उनी आर्थिक रूपमा सफल छन् । आर्थिक पक्षको कारण नै उनले लाहुरे कर्म रोज्न पुगेका हुन् । हाल उनी बेलायतका आप्रवासीका रूपमा रहेका छन् ।

## ३.१ शारीरिक व्यक्तित्व

गहुँगोरो र भरिलो अनुहार, चिम्से आँखा, सन्तुलित मोटाई, पाँच फिट पाँच इन्च उचाइ हुलिया भएको विश्वासदिप तिगेला शारीरिक रूपमा आकर्षक छन् । पेसाले ब्रिटिस गोर्खा सैनिक भइ विभिन्न ठाउँको युद्धमा संलग्न भए पनि उनी शारीरिक रूपमा सकुसल छन् । वास्तवमै उनको शारीरिक व्यक्तित्वमा खोट लाउने कुनै ठाउँ देखिँदैन ।

## ३.२ आन्तरिक व्यक्तित्व

आन्तरिक रूपमा मानवीय व्यक्तित्वको पहिचान गर्न कठिनाइ भए तापनि मान्छेको आन्तरिक चरित्र व्यवहारमा प्रतिविम्बित हुने गर्छ । विश्वासदिप तिगेलाको साहित्यिक आकर्षण, व्यवहारमा आत्मीयता साथीसँगको सम्बन्धमा मित्रवत्, सामाजिक रूपमा सेवक र सहयोगी छन् । यसको प्रमानित उनले आफ्नो कमाइको दस प्रतिशत सामाजिक सेवामा खर्च गर्ने तथा विभिन्न साहित्यकारहरूको साहित्यिक कृतिहरू प्रकाशन गरी दिँदै आएको उनको व्यवहारले गर्दछ । त्यसैले सहयोगी र मिलनसार व्यवहारले उनको आन्तरिक चरित्र पहिचान गर्न सकिन्छ ।

## ३.३ सैनिक व्यक्तित्व

विश्वासदिप तिगेला सन् १९९७ जनवरी १ मा ब्रिटिस गोर्खा सैनिक भए ।[३३] हाल उनी लान्स कर्पोरल दर्जामा सेवारत छन् । गतिणीय हिसाबमा उनले १७ वर्ष सैनिक सेवा गरेका छन् । यसले गर्दा तिगेलाको सैनिक व्यक्तित्व पहिचान गर्न सकिन्छ ।

## ३.४ साहित्यकार व्यक्तित्व

विश्वासदिप तिगेलाले साहित्यको विभिन्न विधामा कलम चलाएका छन् । उनका निबन्ध सङ्ग्रह, कविता सङ्ग्रह, तथा गीति एल्बम् प्रकाशित, प्रसारित छन् । उनको साहितियिक व्यक्तित्वलाई यसरी वर्गीकरण गर्न सकिन्छ ।

### ३.४.१ कवि व्यक्तित्व

विश्वासदिप तिगेलाले वि.सं. २०५५ छ मा कविता सङ्ग्रह नै प्रकाशन गरेका छन् । यसका साथै उनका फुटकर कविताहरू पनि विभिन्न पत्रपत्रिकामा प्रकाशित भएको छ । यसले गर्दा तिगेला एक कवि व्यक्तित्व हुन् ।

### ३.४.२ निबन्धकार व्यक्तित्व

विश्वासदिप तिगेलाले **गृहयुद्धको पीडा** (२०६१) र **देश बोक्नुको पीडा**(२०६४) गरी दुई वटा  सस्मरण सङ्ग्रह निकालेका छन् । यी निबन्धहरू सबै यात्रा संस्मरणमा आधारित छ । त्यसैले उनलाई संस्मरण निबन्धकार भन्न सकिन्छ ।

### ३.४.३ गीतकार व्यक्तित्व

विश्वासदिप तिगेलाले कविता, निबन्ध, विभिन्न साहित्य इतरका लेखहरू लेख्नका साथै गीत विधामा पनि कलम चलाएका छन् । उनका **गोप्य कुरा** (२०७०) गीति एल्बम श्रोता सामु आएको छ । यसले तिगेला एक गीतकार व्यक्तित्वको रूपमा कहलाउँछ ।

[३३]ऐजन् प्रश्न ६ को उत्तर अनुसार ।

## ३.५ लेखक व्यक्तित्व

विश्वासदिप तिगेलाले साहित्य सिर्जन गर्नका साथै विभिन्न भूगोल, राजनैतिक गतिविधि, शब्द सङ्ग्रह जस्ता पुस्तकहरू प्रकाशन गरेका छन् । यस्ता पुस्तकहरू **जनमुक्ति अभियान** (शब्द सङ्ग्रह, २०५६), **संक्षिप्त बोर्निय परिचय** (२०६४) र **निष्पक्ष संविधान : समृद्ध राष्ट्र** छन् । यी लेखनका आधारमा उनलाई लेखक व्यक्तित्व भन्न सकिन्छ ।

## ३.६ सम्पादक व्यक्तित्व

विश्वासदिप तिगेलाले पल्टनमा रहेर ठुलो सङ्घर्षका साथ नेपाली साहित्यलाई प्रचार प्रसार गर्नुका साथै लाहुरे साहित्यकारहरूलाई सङ्गठित समेत गरेका छन् । सन् १९९९ मा **प्रवासी वेदनाको आवाज** साहित्यिक पत्रिका तिगेलाको प्रधान सम्पादकत्वमा प्रकाशन प्रारम्भ भयो । हाल यो पत्रिका निस्क्रिय रहेको । यसले उनलाई सम्पादक व्यक्तित्वको रूपमा कहलाउँदछ ।

## ३.७ प्रकाशक व्यक्तित्व

विश्वासदिप तिगेलाले आधा दर्जनभन्दा बढी साहित्यकारहरूका साहित्यिक कृतिहरू प्रकाशन गरिदिएका छन् । ती कृतिहरू झमक घिमिरेको आत्मकथा **जीवन काँडा कि फूल**, हरिराज खेवाको नाटक सङ्ग्रह **अपदस्त जिन्दगी**, अमर तुम्यहाङको खण्डकाव्य **इमानसिंङ चेम्जोङ**, राजकुमार दिकपालको कथा सङ्ग्रह **आतङ्कको छाया मुनि**, सेसेमी सेरेङ नाल्बोको खण्डकाव्य **शोवुहाङ्सा** र लोकेन्द्र तिगेलाको कविता सङ्ग्रह **शृङ्खला** छन् । यस आधारमा उनी प्रकाशक व्यक्तित्व कहलाउँ छन् ।

## ३.८ संस्थापक व्यक्तित्व

विश्वासदिप तिगेलाले साहित्यिक, तथा सामाजिक सङ्घ संस्थाहरू स्थापना गरेका छन् । उनले स्थापना गरेका संस्थाहरू अन्लाइन नेपाली साहित्य मञ्च, www.nepalilitereture.com, www.sahityaghar.com लगायतका छन् । यसले उनको संस्थापक व्यक्तित्व पहिचान गर्न सकिन्छ ।

## ३.९ संस्थागत व्यक्तित्व

शोध नायक विश्वासदिप तिगेलाले संस्था स्थापना गर्नुका साथै विभिन्न संस्थाको पदीय जिम्मेवारी बहन गरी भूमिका निर्बाह गर्दै आएको छ । उनी संलग्न रहेको संस्थाहरू: अध्यक्ष - विश्व नेपाली साहित्य महासङ्घ के. स. (सन् २०१३-१६), अध्यक्ष - प्रवासी नेपाली साहित्य समाज, बेलायत/ब्रुनाई (सन् २०११-१३), अध्यक्ष-गैर आवासी नेपाली सङ्घ, ब्रुनाई (सन् २०११-१३), केन्द्रीय सदस्य - गै. आ. ने. सङ्घ अन्तराष्ट्रिय समान्वय समिति, महासचिव - अ. ने. सा. स. बेलायत च्यप्टर (सन् २००६-१०), सहमहासचिव - नेपाली साहित्य विकास परिषद्,बेलायत (सन् २००७-१०), सचिव - धनकुटा प्रतिभा प्रतिष्ठान बेलायत शाखा जस्ता छन् । यसले उनको संस्थागत व्यक्तित्व निर्धारण हुन्छ ।

## ३.१० वृत्तचित्र निर्माता व्यक्तित्व

विश्वासदिप तिगेलाले सिक्किम भारतबाट नेपाली लिम्बू भाषाको **मृदुल पदम** नामक वृत्तचित्र निर्माण गरेका छन् ।[३४] यसले उनको वृत्तचित्र निर्माता व्यक्तित्वको पहिचान गर्न सकिन्छ ।

## ३.११ सम्मानित व्यक्तित्व

विश्वासदिप तिगेलाको साहित्यिक गतिविधिको मुल्याङ्कन र सम्मानमा उनलाई विभिन्न सङ्घ संस्थाले सम्मान गरेको छ । उनका त्यस्ता सम्मानहरूमा “स्रष्टा साहित्य चौतारी सम्मान - २०११”, “मितेरी स्वागत सम्मान २०१३” र “सङ्घर्ष कलम साहित्य सम्मान २०१३” रहेको छ । यसबाट उनलाई सम्मानित व्यक्तित्वको रूपमा मुल्याङ्कन गर्न सकिन्छ ।

[३४] ऐजन् प्रश्न १७ को उत्तर अनुसार ।

# अध्याय चार

# विश्वासदिप तिगेलाको लेखन यात्रा

## ४.१ परिचय

विश्वासदिप तिगेलाले कविता, गीत, मुक्तक, संस्मरण तथा विभिन्न समाचारमूलक लेख रचनाहरू लेखेका छन् । प्रारम्भमा उनले मुक्तक तथा समाचारमूलक लेखहरू लेखे । यसरी अभ्यास गरेका तिगेलाको लेखन यात्रालाई मोटामोटी रूपमा तिन चरणमा बाँड्न सकिन्छ ।

(क) प्रथम चरण (प्रारम्भदेखि २०५४ सम्म)

(ख) दोश्रो चरण (२०५५ देखि २०६०)

(ग) तेश्रो चरण (२०६१ देखि हाल)

### ४.१.१ प्रथम चरण

विश्वासदिप तिगेलाको यो चरण अभ्यासकाल तथा साहित्यिक प्रतिभाको रूपमा सार्वजनिक भएको चरण हो । उनले एस. एल. सी. पास गरी क्याम्पसमा प्रवेश गरेपछि साहित्यका विभिन्न सिर्जनाहरू पढ्न अवसर पाए । लेखनाथ पौड्यालको **तरुण तपसी** खण्डकाव्य, तथा मोदनाथ प्रसितको **नारी बन्धन मुक्ति**, लिल बहादुर क्षेत्रीको **बसाइँ** उपन्यास पढी साहित्यमा झुकाव बढेको उनले अन्तर्वार्तामा बताएका छन् ।[३५] यसपछि उनले वि.सं. २०५० सालमा **स्मृति** मासिक पत्रिकामा मुक्तक छपाई उनी साहित्यमा प्रवेश गरे । यसै गरी धनकुटाको **जनविश्वास** साप्ताहिकमा समाचार पनि छापेका थिए भने वि.सं. २०५१ सालमा उनले आफ्नै प्रधान सम्पादकत्वमा सौगात भित्ते पत्रिका पनि छपाएका थिए । यसमा पनि उनका केही कविताहरू छापिएका थिए । यसको स्मरण उनले गर्न नसके पनि अभ्यासलाई तिखार्न यस पत्रिकाको भूमिका रहेको छ । कविताहरू लेखे पनि प्रकाशन गर्न असमर्थ भएका थिए किनभने प्रारम्भ सबै साहित्यकारको अभ्यासकालीन सिर्जनाहरू डायरीमा नै सीमित हुन्छ । अर्कोतिर तिगेला सन् १९९६ मा भर्ती भएपछि साहित्य सिर्जनाको वातावरण भएन । यसले उनको सिर्जना

---

[३५]ऐजन् प्रश्न नं. १२ को उत्तर अनुसार ।

प्रतिभालाई बाहिर आउन दिएन । यसरी यस समयमा उनका साहित्यिक उपलब्धि नदेखिए पनि सिर्जनाको प्रारम्भ भएकोले उनमा सिर्जनाको पृष्ठभूमि बन्न गयो । यसले गर्दा यस चरणलाई अभ्यास काल मान्न सकिन्छ ।

## ४.१.२ दोस्रो चरण

विश्वासदिप तिगेलाले वि.सं. २०५५ छ मा **परदेशीको कोसेली कविताहरू** कविता सङ्ग्रह प्रकाशन गरेपछि उनको साहित्य यात्राको दोश्रो चरण सुरू हुन्छ । यस समयमा उनी ब्रिटिस गोर्खा सैनिक बनिसकेका थिए । यस सङ्ग्रहका कविताहरूमा परदेशका भोगाइ, समाज तथा आफन्तको यादहरू, देशप्रेमको भावना पोखेका छन् । यसै सन्दर्भमा उनी भन्छन् : “स्वदेश छोडेर हिँडेको म । … समाज, वातावरण, परिस्थिति बाध्यता र विवशता अत्यन्तै प्रभावशाली हुन्छ । जब कि जो कोही प्रभावबाट वञ्चित रहन सक्तैन ।” सच्चा अमर आत्माहरू कोमल हुन्छन् । कोमल आत्माबाट भावनाहरू जन्मन्छन् । भावनात्मक साहित्य दुःखमा जन्मन्छ, सुखमा जन्मन्छ, स्वदेशमा जन्मन्छ, टाढा धेरै टाढा परदेशमा जन्मन्छ । यिनै सन्दर्भको एउटा प्रमाण स्वरूप प्रस्तुत छ **परदेशीको कोसेली कविताहरू** । यसरी तिगेलाले परदेशको भोगाइले आफ्नो साहित्यलाई तीव्र बनाएको उल्लेख गरेका छन् ।

वि.सं. २०५० सालमा मुक्तक प्रकाशन गरी साहित्यमा प्रवेश गरेका विश्वासदिप तिगेलाको आफ्नो सिर्जनालाई वेदना **प्रवासी वेदनाका आवाज** साहित्यिक पत्रिकाले महत्वपूर्ण भूमिका प्रदान गरेको छ । स्वयं साहित्यको पारखी भएको हो । सो पत्रिका आफ्नै प्रधान सम्पादकत्वमा प्रकाशन गरेका थिए । यो पत्रिका वि.सं. २०६३ सम्म प्रकाशन भइ अन्तमा निस्क्रिय हुन गयो । विश्वासदिप तिगेलाको आफ्नै सिर्जनशील क्षमता, पत्रकारितामा सक्रियता र आफ्नो प्रतिभा **प्रवासी वेदनाको आवाजहरू** पत्रिकामा सार्वजनिक गर्ने क्रमसँगै सिर्जनाको प्रेरणा र वातावरण अनुकूल बन्दै गयो । यसपछि कविता सङ्ग्रह नआएपनि उनको नियात्रा लेखनको पृष्ठभूमि बन्दै गएको देखिन्छ ।

यस चरणमा सिर्जना गरेको उनका कवितामा परदेशी जीवनभित्रको लाहुरेको पीडा र मर्मलाई प्रस्तुत गर्दै स्वदेशमा रहेको गाउँघर, संस्कृति, कृषि परम्परालाई स्मरण गरिएको छ । यसै गरी बेलायतको प्राकृतिक सुन्दरताको चित्रण गर्दै नेपाली प्रकृतिको प्रतिविम्ब खोजिएको छ । यसका अतिरिक्त देश प्रेम र राष्ट्रियता पनि कवितामा प्रस्तुत छ । भाषिक कला, विम्ब तथा प्रतीक प्रयोग, विषयवस्तुको अभिव्यक्ति कला आदिका दृष्टिले पनि उनका कविताहरू परिपक्क छन् । त्यसैले यो दोस्रो चरण विश्वासदिप तिगेलाको साहित्य सिर्जनाको विकसित कालखण्ड मान्न सकिन्छ ।

विश्वासदिप तिगेलाको कविता र सिर्जना यसपछिको समयमा उनको कविता लेखन नगन्य छ । उनी नियात्रा लेखनमा उनी अघि बढेतापनि वि.सं. २०६३ मा **सिमाहिन विम्बहरू** सामूहिक कविता सङ्ग्रहमा ‘माउन्ट निनावालु’ र ‘छाडौं हत्या हिंसाका खेती’ दुई कविता छापिएको छ । यी मध्ये ‘माउन्ट निनावालु’ परदेशीको कोसेली कविताहरू सँगालोमा प्रकाशित कविता हुन् । उनको कविता विधाको सिर्जना यात्रा गीत विधामा प्रवेश गरेको छ । वि.सं. २०६९ मा **गोप्य कुरा** गीति एल्बम् उनले निकालेका छन् । उनले कविताका अतिरिक्त **जनमुक्ति अभियान** (२०५५) जस्ता शब्द सङ्ग्रह पनि लेखेका छन् ।

### ४.१.३ तेस्रो चरण

विश्वासदिप तिगेलाको कविता सिर्जना कम हुनु उनको नियात्रा लेखनको सक्रिय उपस्थितिले गर्दा हो । उनले वि.सं. २०६१ मा **गृहयुद्धको पीडा** नियात्रा सङ्ग्रह प्रकाशित गरे पछि तेश्रो चरण प्रारम्भ भएको मान्न सकिन्छ । उनले नियात्रा (संस्मरण) लेखन साहित्य यात्राको प्रथम चरणदेखि नै गरेका थिए भने सन् २००० मा प्रकाशित **प्रवासी वेदनाको आवाजहरू** भोल्युम २ मा ‘बलात्कृत टिमोरको पुनः दुखेको घाउको पीडा’ र ‘दक्षिण पूर्वी फिजी गणतन्त्र’ दुई संस्मरण छापिएको छ । यसै गरी अङ्क (भोल्युम) ३ मा दुईवटा संस्मरण छापेको देखिन्छ । यसरी उनको संस्मरण लेखनको पृष्ठभूमि तयार भइ वि.सं. २०६१ मा पुस्तक प्रकाशन गर्न सफल भएको देखिन्छ । यसपछि वि.सं. २०६४ मा ३ वर्षको

अन्तरालमै अर्को नियात्रा सङ्ग्रह **देश बोक्नुको पीडा** प्रकाशन गरेका छन् । पहिलो सङ्ग्रहमा ९ वटा र दोस्रोमा २० वटा गरी २९ वटा संस्मरणहरू यी कृतिहरूमा सङ्गृहित छ । यी संस्मरणहरू उनी सैन्य कर्तव्यको सिलसिलामा टिमोर, फिजी, अफगानिस्तान गएको सन्दर्भ तथा ब्रुनाई, बेलायतमा सैनिक सेवा गर्दाका विभिन्न घटनाहरू, फ्रान्स भ्रमण गर्दाको अनुभूतिहरूलाई संस्मरणमा उल्लेख गरेका छन् । यी संस्मरणहरू प्रकृतिको सुन्दरताको आकर्षण, युद्धका कारुणिक घटनाहरूको चित्रण गर्दै मानवताको पक्षमा उभिएको छ ।

विश्वासदिप तिगेलाले यस चरणमा साहित्यका साथै भूगोलको बारेमा र राजनैतिक विचारका लेखहरूका पुस्तक पनि लेखेका छन् । यसले उनलाई वाङ्मय विधामा पनि प्रवेश गराएको प्रमाणित हुन्छ । **संक्षिप्त बोर्नियो परिचय** (२०६४) भूगोलसम्बन्धी र **निष्पक्ष संविधान : समृद्धराष्ट्र** (२०६८) राजनीति माथिको विश्लेषण गरिएको पुस्तकहरू गरी दुई साहित्य इतरका पुस्तकहरू प्रकाशन गरेका छन् ।

## ४.२ निष्कर्ष

विश्वासदिप तिगेलाको लेखन यात्रा वि.सं. २०५० देखि प्रारम्भ भई ७० को दसकमा आइपुगेको छ । उनको दुई दसकको यात्रालाई हेर्दा उपलब्धिपूर्ण देखिन्छ । हालसम्म उनकान ७ कृतिहरूछन् । यी सात कृतिमध्ये ४ कृति साहित्यिक हुन् भने बाँकी ३ कृतिहरू वाङ्मय विधाका हुन् । यसरी हेर्दा उनको लेखनका क्षेत्र कविता, गीत, मुक्तक, नियात्रा, भूगोल, राजनीति विश्लेषण रहेको छ ।

# अध्याय पाँच

# विश्वासदिप तिगेलाको कृतित्व

## ५.१ कृतिको विश्लेषण

विश्वासदिप तिगेलाका कृतिहरू साहित्य र साहित्य इतरको गरी ७ वटा छन् । उनको लेखनको विधा साहित्यिक र अन्य वाङ्मय दुवै हुन् । साहित्य अन्तर्गत कविता विधाका मुक्तक, गीत र कविता, निबन्ध विधाका नियात्रा र जीवनी उनको लेखनको क्षेत्र हुन् । उनका कृतिहरू, साहित्यिक र साहित्य इतरका दुवै प्रकारका छन् ।

**(क) साहित्यिक कृतिहरू**

१. परदेशीको कोसेली कविताहरू (कविता सङ्ग्रह २०५५)

२. गृहयुद्धको पीडा (नियात्रा सङ्ग्रह, २०६१)

३. देश बोक्नुको पीडा (नियात्रा सङ्ग्रह, २०६४)

४. गोप्य कुरा (गीति एल्बम, २०७०)

**(ख) वाङ्मयका कृतिहरू**

१. जनमुक्ति अभियान (राजनैतिक शब्दावलीको परिचय, २०५६)

२. बोनियो परिचय (भूगोल, इतिहास र जीवनी, २०६४)

३. निष्पक्ष संविधान र समृद्ध राष्ट्र (वैचारिक लेख सङ्ग्रह, २०६८)

यस खण्डमा विश्वासदिप तिगेलाको साहित्यिक पुस्तकको मात्र विश्लेषण गरिएको छ ।

### ५.१.१ "परदेशीको कोसेली कविताहरू" कविता सङ्ग्रहको विश्लेषण

#### ५.१.१.१ परिचय

वि.सं. २०५५ मा प्रकाशित भएका **परदेशीको कोसेली कविताहरू** विश्वासदिप तिगेलाको पहिलो साहित्यिक केृति र कविता सङ्ग्रह हो । यस पुस्तकको प्रकाशन पारुहाङ सुम्निमा युनेस्को क्लबले गरेको छ । १०० पृष्ठमा

राखिएको कविताहरूको सङ्ख्या ५४ र गीत ४ गरी जम्मा ५८ वटा सिर्जनाहरू सङ्कलित छन् ।

### ५.१.२.२ मूलभाव

विश्वासदिप तिगेला लाहुरे भएपछि बेलायत र ब्रुनाईको विभिन्न भूगोलमा सेवा प्रवाहको सिलसिलामा रहँदाका अनुभूतिहरू यस सङ्ग्रहको कविताहरूमा प्रस्तुत गरेका छन् । उनका कविताको विषयवस्तु र भाव सन्दर्भलाई हेर्दा प्रवासी जीवन चेतना, देशप्रेम, वैशका प्रेमिलला, नारी प्रेम, जीवन चिन्तन, सांस्कृतिक प्रेम, क्रान्ति, लाहुरे जीवन र इतिहास रहेको छ ।

'लाहुरे' र 'परिवर्तित जन्म' कविता कविका लाहुरे पेसामा आधारित छ । परदेशको सैनिक भए पनि उनीभित्र देश र समाजको आस्था, विश्वास र प्रेम उतिकै छ । 'पपी डे' कविता दोस्रो विश्वयुद्ध समापन भएको घटनामा आधारित कविता हो भने 'नेपालको इतिहास' कविता नेपालको राजनैतिक परिवर्तनका ऐतिहासिक घटनालाई विषय बनाएको कविता हो ।

गाउँघर, समाज, राष्ट्रमा रहँदाको जीवन र यसबाट टाढा रही परदेशी जीवन जिउनु पर्दाको जीवन बिच धेरै अन्तर हुन्छ । नयाँ भाषा, संस्कृति, भूगोल, मानवीय व्यवहारमा असहज हुने, गाउँघर, देश चाडपर्वको सम्झनाले सताउने निश्चय पनि हुन्छ । यिनै पीडा, रोमाञ्च, भोगाइ, गाउँघरको सम्झना, आफ्नो पहिचान र अस्तित्वको खोजी 'म के लेखू', 'मेरो यात्रा', 'किन प्रवासित छु', 'माउन्ट निनावालु', 'बिमारी अनुभव' कविताहरूमा व्यक्त गरिएको छ । परदेश निश्चय नै घरदेश होइन । त्यहाँ आमाको माया, गाउँवेंसीको माया, दसैं तिहार, हाइ गुहार हुँदैन । जहाँ आफन्त गाउँघर पखेरु र झर्नाहरूको यादहरू बोकेर बाच्नुपर्दछ जस्तै :

*चाहे तिमी जे गर जे भन*
*मलाई त तिम्रो छातीमा*
*दाउरा काट्न र गोठाला गर्न मन लाग्छ*
*सुरिलो लोक सुसेलीमा लहरिन मन लाग्छ*
*छङ् छङ् झर्ने झरनाहरूमा भिज्दै रम्न मन लाग्छ*

*(पृ. ५४)*

मानवीय सम्बन्धलाई स्थायी बनाउने आधार नै प्रेम हो माया हो । कवि तिगेलाको कविताहरूमा प्रेमका अनेक रङ्गहरूछन् । वैसको प्रेम, प्रेमिकाको प्रमिलला, मिलन, बिछोडका पीडा, परदेश रहँदा प्रेमिकाको प्रेमाकर्षणले बन्न परेको नोस्टालजीयको पीडा, उनले कवितामा प्रस्तुत गरेका छन् । यस्ता कविताहरू 'विश्वास, माया, कुन्नी कसरी पर्खन्छे', 'मायाप्रीतिलाई', 'पत्र प्रिय तिमीलाई', 'बैसालु यो कस्तो', 'पर्खी बख', 'पवित्र माया', 'आउँदै छु फर्की' आदि छन् । यी कविताहरूमा बिछोडको चोट सहदै प्रेमी भेट्ने वाचाहरू, युगल जीवनको सपना, सफल जीवन सञ्चालनका लागि परदेश प्रस्थान गरिएको सन्दर्भ छन् । जस्तै :

*वसन्तले उडी जान्छ टाढा टाढा*
*अर्को वर्ष फेरी आउने गरी*
*डाँडेर जाँदैछु केही समय तिमीलाई*
*चोखो माया बोकी मुटु भरि भरि ।*

*(पृ. ३५)*

विश्वासदिप तिगेलाको कवितामा प्रेमप्रति सम्मान गरिएको छ । सिष्ट, शालीन र सभ्य प्रेमको चाहना र विश्वास गरिएको छ । 'म एउटा नारी' कवितामा नारीप्रतिको शिष्टता र सृष्टि सौन्दर्यको चित्रण गर्न खोजिएको छ । 'पाएको उपहार' कवितामा जीवनलाई एक उपहार र अवसरको रूपमा हेरिएको छ । 'एकान्तमा', 'सङ्गीत हुँ म' र 'को हुँ म' कविता क्रान्तिको लागि विद्रोहको उद्घोष गरिएको छ ।

विश्वासदिप तिगेलाको कवितामा सांस्कृतिक चेतना पनि पाइन्छ । मानवीय सम्बन्धलाई अझ सुमधुर बनाउने संस्कृतिको पक्ष उनका कविता उभिएको छ भने नारी तथा मानवीय विभेदका संस्कृतिको विरोध गरिएको छ । यस्ता कविताहरू 'गौरवका लागि','श्री जङगालाई' र 'मनुस्मृतिले' हुन् ।

विश्वासदिप तिगेलाको कविताको मूल्य देशप्रेम रहेको छ । 'देशलाई बचाउ', 'देश / आमा', 'मातृभूमि नेपाल', 'कति प्रजातन्त्र', 'प्यारो झण्डा' र 'देशको माया' कविताहरूमा राष्ट्र, राष्ट्रियता, सुशासन, शान्ति, समानता, देशको लागि

बलिदानको आह्वान गरिएको छ । राष्ट्र निर्माणमा सबै वर्ग, क्षेत्र, व्यक्ति जिम्मेवार र वफदार हुनुपर्छ भन्ने कविताको मूल भाव रहेको छ :

*आफ्नो देशको स्वतन्त्र नागरिक*

*देशप्रति उस्को कर्तव्य छ*

*नैतिकता र जिम्वेवारी छ*

*(पृ. ९३)*

यसरी कवि विश्वासदिप तिगेलाको कवितामा अनेक विषयवस्तुहरू समेटिएको छ ।

## ५.१.१.३भाषा शैली

विश्वासदिप तिगोलाका प्रस्तुत सङ्ग्रहको कवितामा प्रयोग भएको भाषा सरल छ । उनका कवितामा अन्त्यनुप्रासको प्रयोग गरिएको छ । यसले कवितालाई लयत्मक बनाएको छ । यसैगरी विभिन्न विम्ब तथा प्रतीकको पनि प्रयोग भएको छ । पहिलो कविता कृति भएकाले भाषिक दृष्टिले कविताहरू सक्षम नभए पनि विषयवस्तुका दृष्टिले कविताहरू सक्षम र सफल मान्न सकिन्छ । उनको कविताको मुख्य केन्द्र देशप्रेम हो । यसले गर्दा पनि महत्वपूर्ण मान्न पर्दछ ।

## ५.१.१.४ निष्कर्ष

विश्वासदिप तिगोलाको **परदेशीको कोसेली कविताहरू** प्रथम कविता सङ्ग्रह हो । यी कविताहरूमा विषयवस्तुको विविधता रहेको छ । उनको कविताको विषयवस्तु नेपाल र नेपाल बाहिरको जीवन परिवेश र अनुभूतिहरू छन् । यस दृष्टिले उनका कविताहरू उपयोगी छन् । भाषिक कलाका दृष्टिले उनको केही कविताहरू कमजोर भए पनि नेपाल बाहिर नेपाली साहित्यको विस्तार भएको दृष्टिमा यी कृति महत्वपूर्ण छन् ।

## ५.१.२“गृहयुद्धको पीडा”नियात्रा सङ्ग्रह को विश्लेषण

### ५.१.२.१परिचय

**गृहयुद्धको पीडा** (२०६१) विश्वासदिप तिगेलाको तेस्रो कृति हो भने यात्रा संस्मरण सङ्ग्रहका रूपमा प्रथम कृति हो । उनका तीन वटा यस्ता नियात्रा निबन्ध

सङ्ग्रंहरू छन् । गृहयुद्धको पीडा यात्रा संस्मरण सङ्ग्रहमा २० वटा संस्मरणहरू सङ्गृहीत छन् । यी संस्मरणहरूमा लेखक ब्रिटिस सैनिकको हैसियतले विभिन्न मुलुकमा शान्ति सेनाका रूपमा जाँदा वा अमेरिकी युद्ध समर्थनमा जाँदाका आफ्नै भोगाइका घटनाहरूलाई प्रस्तुत गरेका छन् । यस पुस्तकको प्रकाशन प्रवासी नेपाली साहित्य समाज बेलायतले गरेका छन् । नेपाली मूल्य रु. ५० रहेको यस पुस्तकको जम्मा पृष्ठ ९६ + १६ रहेको छ भने डा. गोविन्दराज भट्टराई र विक्रम सुब्बाको छोटो भूमिका, नियात्राकारको आफ्नो भनाइ तथा बाहिरी गातामा नारायण ढकाल र राजकुमार डिकपालको अति छोटा टिप्पणीयुक्त भनाइ रहेको छ । प्रत्येक संस्मरण/नियात्रामा घटनासन्दर्भ अनुसारको तस्बिरको राखिएको छ र केही संस्मरणहरू **पर्वते**, **प्रवासी वेदनाका आवाज**मा प्रकाशित भइसकेका संस्मरणहरू पनि छन् ।

### ५.१.२.२. विषयवस्तु

गृहयुद्धको पीडा २० वटा नियात्राहरूको सँगालो हो । यी निबन्धहरूमा अमेरिका, नेदरल्यान्ड बेलायत, ब्रुनाई, अफगानिस्तान, इराक, पूर्वीटिमोर, फीजी, मलेसिया, मेसिडोनिया यी मुलुकहरूको भ्रमण र त्यस मुलुकको प्राकृतिक, सांस्कृतिक, सामाजिक, राजनैतिक, आर्थिक, युद्ध आदि सन्दर्भहरू तिगेलाको नियात्रामा  उल्लेख भएको छ । ती नियात्राहरूमा युद्ध र युद्धले सताएको पीडा, तथा सैनिक तालिमको क्रममा घटेका घटना अनुभूति र युद्धइतर विभिन्न मुलुकका प्राकृतिक सामाजिक, आर्थिक, परिवेशप्रतिको मनोरञ्नमूलक, स्वतन्त्र अनुभूतिलाई उल्लेख गरेका छन् ।

'एउटा बिर्सन नसकिने रात' मा मेसेडोनियाली र अल्बेनियाली बिचको युद्धमा नेटो मार्फत युद्ध व्यवस्थापन र शान्ति स्थापना गर्ने सिलसिलामा त्यस युद्ध क्षेत्रमा लेखक नाइट ड्युटीका क्रममा मध्यरातमा मेसोडोनियन आर्मीहरू एक गाडी आएका र राती गाडीहरू त्यस क्षेत्रबाट वारपार गर्न नदिने रणनीति अनुसार गाडी रोक्न खोज्दा अस्वीकार गरेका र राइफल कक (तयारी) दुवै पक्षबाट भएका अन्तमा परिस्थिति सामान्य भए पछि सुरक्षित साथ उनीहरूलाई क्याम्प पुऱ्याइ

दिएको, स्थानीय गाउँलेहरूले आत्मीय माया गरेको, विभिन्न खानेकुराहरू दिएको, फर्कदा केटाकेटीहरूले बिदाइ गरेको र मान्छेहरूलाई शान्ति चाहिदोरहेछ र शान्ति दिलाउनेलाई साची नै मानवहृदयको गहिराइबाट सम्मान गर्दोरहेछ भन्दै सैनिक हुनुमा आफु खुसी भएको ती युद्धले थकित गाउँ अति नै रमणीय भएको यिनै सन्दर्भहरू छन् । 'अफगानिस्तान भ्रमण आतङ्कवादको यथार्थता र मेरो अनुभूति' मा अफगानिस्तानको २३ वर्षे गृहयुद्धमा ९० प्रतिशत घरहरू ध्वस्त भएका ७ लाख ७५ हजार जनसङ्ख्या भएको कावुलमा ५ लाख मारिएको सयौं टुहुरो, बिधवा, घरबारविहीन, भएका दयनीय अवस्था भएको देशमा अमेरिकाको ज्युम्ल्यहा टाओर ओसामा विन लादेनले ध्वस्त बनाए पछि थप बम वर्षा र विद्युतीय धरापले जीर्ण भग्नावशेष बनाएको अफगानिस्तानको माटो देख्ने आँखा त के त्यस माटो कुल्चने पाइलासमेत रोएको अफगानिस्तान र अफगानीको तिक्त यथार्थ र त्यसप्रतिको लेखकीय संवेदना तथा त्यहाँका मुस्लिम जातिको कट्टर धर्मभक्त, महिलाहरूलाई शिक्षा दिनुहुन्न भन्ने अमानवीय असमानताको नीति आदिलाई उल्लेख गरेका छन् । 'बलात्कृत टिमोरको पुनः दुखेको घाउको पीडा' मा इन्डोनेसियाबाट २७ औं टापुको रूपमा पूर्वी टिमोर स्थापित हुँदा त्यहाँ भएको अति अमानवीय युद्ध, बलात्ककार, हत्या, हिंसालाई संस्मरणकार संयुक्त राष्ट्रसङ्घमार्फत् शान्ति सेनामा जाँदा प्रत्यक्ष देखेका भोगेका घटनाहरूलाई प्रस्तुत गरेका छन् । बलात्कारले उमेर पुगेका सयौं महिला गर्भवती बन्न परेका, घरैमा बाबु आमाको विभत्स हत्यापछि ११ वर्षीय टुहुरो बालिकाले भाइबहिनीलाई खानेकुरा नभए पछि साग उसिनेर खुवाएर बचाइएका, बालक बृद्धा, असक्त, सुत्केरी भागेर जङ्गलमा लुकेर बस्न परेका, सुत्केरीहरू स्याउलामा सुत्न परेका यस्ता पीडा खेपिरहेका ती मान्छेहरूलाई खानापानी लगेर लेखकहरू उद्धार गर्न जाँदा उनीहरूका खुट्टा छुँदै रोएका, बाँच्ने आशा र सहाराको अनुभूति गरेका यिनै घटनाहरूलाई विषय बनाएका छन् । 'पूर्वी टिमोरलाई पुनः जन्माउँदा' संस्मरणमा टिमोरवासीको शान्ति, स्वतन्त्रता, सुरक्षा स्थापनाको लागि शान्तिसेनामा गएका विभिन्न मुलुकहरू र त्यहा निर्वाह गरेका भूमिकाको उल्लेख गरेका छन् । 'इराक युद्धमा मेरो संलग्नता र पश्चाताप' स्मरणमा इराकमा राष्ट्रपति सद्धामलाई परास्त गर्न विनाशकारी हतियारको

आरोपमा अमेरिकी आक्रमणमा ब्रिटिसको सहयोग स्वरूप लेखक ब्रिटिस सैनिकको हैसियतले त्यस युद्धमा संलग्न भएको र अमेरिकी बम आक्रमणले निर्दोष इराकी जनताले मृत्युवरण गर्न परेको घटनाले आफू मर्माहित बन्दै पश्चाताप गर्न परेको घटनालाई प्रस्तुत गरेका  छन् । 'के अफगानिस्तानको दिन फर्केकै हो' संस्मरणमा २३ वर्षको गृहकलह त्यहीमाथिको ४ वर्षे खडेरी र धार्मिक कट्टरताले अक्रान्त बनेको अफगानिस्तानमा शान्ति स्थापना तथा सहयोगको नाममा प्रवेश गरेका १८ राष्ट्रका ससर्त भूमिकाप्रति चिन्ता गरिएको छ । त्यसैगरी 'जातीय मुक्ति आन्दोलनले सफलता प्राप्त गरेको उज्ज्वल इतिहासमा' मेसिडोनियाले अल्बानियालीलाई जातीय आधारमा गरेको विभेद दमन आदिका कारण त्यस विरुद्ध गरेको आन्दोलन सफल भएका अल्बानियाको ऐतिहासिक घटनालाई प्रस्तुत गरेको छ ।

त्यसै गरी तिगोलाका नियात्रासङ्ग्रहमा युद्धइतर नियात्राहरू पनि छन् । 'फिजी पागल खाना र मेरो पागलपना' संस्मरणमा फिजीको उखु खेती प्रमुख बालीको रूपमा भएको त्यहाँको पागलखानाको व्यवस्थिति र त्यसमा थोरै तलबमा उच्च रूपमा पुऱ्याएको राष्ट्रिय मानवीय सेवाको प्रसंशनीय विश्लेषण छ भने 'दक्षिण पूर्वी फिजी गणतन्त्रको नेपाली भिलेज एक यात्रा'मा त्यसै देशमा नेपालीहरू बसोवास गर्दै आएको र उनीहरू बसोवास गर्ने ठाउँको नाम गोरखाली भिलेज राखिएको र त्यहाँ भ्रमण गर्न गएको यात्रा प्रसङ्ग उल्लेख गरेका छन् । त्यस ठाउँ नेपालका भित्री मधेस जस्तै डाँडाकाँडा भएका, हिन्दू मन्दिर बनाएका, गाउँका बुढा विक्रम सिंहसँग भेटवार्ता भएका, लेखकले सम्मान सत्कार पाएका र त्यस ठाउँमा सन् १८७८ तिर इन्डिया हुँदै उखु खेतीको सिलसिलामा गएका भन्ने विक्रम सिंहको भनाइ उल्लेख गरेका छन् । 'बेलिजको नयाँ वर्ष'मा बेलिजका सुन्दर ठाउँहरू सामुन्द्रिक वोट यात्रा तथा नेपाली विदेशी साथीहरूसँग नेपाली राष्ट्रिय गीत तथा नेपाली संस्कृतिमा रम्दै नयाँ वर्ष मनाएका घटनाहरूलाई उल्लेख गरेका छन् । 'मलेसियाको माउन्ट किनावालुलाई चुम्दा'मा मलेसियामा अवस्थित हिमाल किनावालु आरोहण गरेका, समुन्द्रमा रेफ्टिङगर्दा बिच समुन्द्रमा साथीले छाडी

दिएको र डर लागेको तर पौडेर बाहिर उत्रिदा अद्भूत आनन्द भएका मनोरञ्जनपूर्ण क्षणहरू उल्लेख गरेका छन् । 'बेलायतका प्रथम भ्रमणको अनुभव' मा गोरखाली मुजियम, गिलफोर्ड पुस्तकालय घुम्दाका अनुभूतिहरू तथा अङ्ग्रेजहरूको शिष्टतालाई प्रस्तुत गरेका छन् । 'सुन्दर शान्त र सम्पन्न ब्रुनाइ' संस्मरणमा त्यहाको तेल र ग्यास उत्पादनले ब्रुनाईका आर्थिक पक्ष सुदृढ र सम्पन्न भएको त्यस देशको सामाजिक, सांस्कृतिक शैक्षिक अवस्थाको परिचय उल्लेख गर्दै व्यवस्थित सहरीकरणले पारेका प्रभावलाई प्रस्तुत गरेका छन् । 'पानी भन्दा सस्तो तेल'मा ब्रुनाईको तेल उत्पादन गर्ने क्षमता तथा प्रशोधन विधिलाई विषय बनाएका छन् । 'विदेशमा गोरखाली रेडियो शीर्षकका निबन्धमा बी.एफ.बी.एस. रेडियोको भूमिकालाई उल्लेख गरेका छन् । त्यसै गरी 'नेपालीहरूको बेलायतमा घर किन्ने रहर'मा बेलायतले ब्रिटिस गोरखालीलाई आप्रवासी भिजा मान्यता दिएपछि गोरखालीले आफ्नो हैसियत अनुसार घर बनाएर बस्दै आएका ४ हजार घरहरू भएका कुरा उल्लेख गरेका छन् ।

विश्वासदिप तिगेला ब्रिटिस सैनिक भएकाले तालिमको क्रममा विभिन्न ठाउँहरूमा जाँदा त्यस मुलुकमा देखेका तथा घटेका घटना अनुभूतिलाई 'गाजा सेवन र वेश्यावृत्ति वैधानिक भएको देश नेदरल्यान्ड' र 'फ्रान्सबाट फर्कंदा पानी जहाज झण्डै पल्टियो' संस्मरणमा प्रस्तुत गरेकाछन् । यसरी उनले २० वटा यात्रा संस्मरणलाई **गृहयुद्धको पीडा** नामक पुस्तकमा सङ्कलित गरेका छन् ।

### ५.१.२.३. भाषाशैली

विश्वासदिप तिगेलाका **गृहयुद्धको पीडा** संस्मरणात्मक निबन्धहरूको सँगालो हो । यहाँ प्रयुक्त भाषा सरल छ । ठाउँ ठाउँमा घटनासन्दर्भलाई यथार्थरूप दिन अङ्ग्रेजी, तेतुम, हिन्दी भाषाको प्रयोग गरेका छन् । व्याकरणिक विचलन तथा आलङ्कारिक भाषाको प्रयोग बिम्ब प्रतीक, संम्वादको प्रयोगले वस्तु अभिव्यक्तिमा सुन्दरता प्रदान गरेका छन् । जस्तै :

*सुत्केरीहरूले स्याउलाको बिछ्याउनालाई प्रसूति घर सम्झिरहेका थिए (पृ. २८), मान्छे प्यासले छटपटाउँछ उता सामन्ती शासक स्वार्गको लोप देखाइ*

*उनीहरू चाहीँ जिउँदैमा बेस्सरी मोज लुट्छन् (पृ. ७८), सबैभन्दा ठुलो नरसंहारमा दुःखेको छ (पृ. ३१) सभ्यतालाई जिस्काइरहेका थिए (पृ. १०)* जस्ता आलङ्कारिक भाषा *न्यानो मावनताहरू, जीवन दिनु (पृ. १०),* जस्ता बिम्बहरू, *जङ्गलमा बाघ कराउनु खोरमा बाखा हराउनु (पृ. १९), घरको भूत देशको देवता (पृ. १२)* जस्ता उखान, *दिस इज माई कन्ट्री । आइ क्यान स्टप यु । यु क्यान नट स्टप अस (पृ. ३),* जस्ता अङ्ग्रेजी भाषा, *मिलिसिया पतर (पृ. ३७)* जस्ता तेतुम भाषा लगायत आगन्तुक शब्दहरूको पनि प्रयोगले यात्राप्रसङ्गका विभिन्न घटनाहरूलाई यथार्थ बनाउनको साथै अभिव्यक्ति सौन्दर्य निर्माण गरेका छन् ।

यसरी यस संस्मरण सङ्ग्रहभित्रका भाषा सुन्दर र सरल छन् । संस्मरण सन्दर्भहरूलाई प्रस्तुत गर्ने शैली भने वर्णनात्मक रहेको छ ।

विश्वदीप तिगेला ब्रिटिस सैनिक भएकाले विभिन्न मुलुकमा शान्ति सेनाका रूपमा जाँदाका युद्धग्रष्त परिवेशलाई यहाँ प्रस्तुत गरेका छन् । नेपाली साहित्यमा युद्ध संस्मरणात्मक निबन्ध प्राय सून्य छन् । यस दृष्टिले उनका यस कृतिलाई महत्त्वपूर्ण मान्न सकिन्छ । बन्दुक बोक्ने सिपाहीभित्र कति मानवीय संवेदना हुँदोरैछ भन्ने कुरा पुष्टिको लागि उनका यस कृति काफी छन् :

> *हामीले सुरक्षा दिइराखेको B52 बिमानले लगेर खसालेको बम तिनै निर्दोष इराकी माफ भर्नेछ . . . सक्ने भए इराकी जनतालाई B52 आउँदैछ, भाग्नू, जोगिनू भनेर होसियारीको सूचना दिन्थे (पृ. १४)*

## ५.१.२.४ निष्कर्ष

विस्वादीप तिगेलाका नियात्रामा राष्टप्रेम, जातीय मोह पनि आएका छन् । विदेशको विकासको गतिलाई देखेर फोहरी राजनीति गर्नेहरूलाई गाली गरेका छन् । अमेरिकाको साम्राज्यवादी नीति र बेलायतको चम्चे चालाप्रति उनको भर्त्सना छ । आफू सैनिक भए पनि त्यस देशको पैसामा नियन्त्रित हुन ऊ चाहदैनन् । नूनको सोभ्फोको सीमा अतिक्रमण गर्दै गरिबी शोषित, उत्पीडितको

विरुद्ध लड्न तयार छन् । यो उनको उच्च सैन्य तथा मानवतावादी चेतना हो र लेखकीय संवेदना पनि हो ।

## ५.१.३“देश बोक्नुको पीडा” नियात्रा सङ्ग्रहको विश्लेषण

### ५.१.३.१ परिचय

विश्वासदिप तिगेलाको **देश बोक्नुको पीडा** (२०६४) दोश्रो नियात्रा सङ्ग्रह हो । यसभित्र ९ वटा यात्रा संस्मरणहरू सङ्कलित छन् । अनलाइन साहित्य मञ्चले प्रकाशन गरेको यस पुस्तकको जम्मा पृष्ठ ८३+१५ गरी ९८ र मूल्य रु. ६० राखिएको छ । यस पुस्तकको भूमिका कृष्ण धरावासी छ भने कृतिको प्रकृतिको चर्चा होमनाथ सवेदीको छ । नियात्राकार तिगेला ब्रिटिस गोर्खा सैनिक भएकाले कर्तव्यको सिलसिलामा तथा छुट्टी मनाउने सिलसिलामा पुगेका विभिन्न देश र ती देशको भूगोल, संस्कृति, आर्थिक, सामाजिक, धार्मिक, प्राकृतिक आदिको बारेमा संस्मरण गरेका छन् ।

### ५.१.३.२ विषयवस्तु

यस नियात्रा सङ्ग्रहको पहिलो नियात्रा ‘सधैं मनमा घोच्ने केही गुनासाहरू’ हो । यसमा बुनाईबाट नेपाल आउँदा नेपालको अन्तर्राष्ट्रिय विमान स्थलमा भन्सार विभागमा भेल्नु परेका अस्तव्यस्ततालाई विषय बनाएको छ । यहाँको भौतिक संरचना, ढिलासुस्ती, रक्सी, होटल एजेन्ट, भारी बोक्ने दलाली व्यवहार माथि लेखकले गुनासा पोखेका छन् । आय मूलकको विमान स्थलमा त्यहाँका कर्मचारीदेखि अन्य व्यक्तिहरूले भाइचारा र आतिथ्य व्यवहार गर्ने तर आफ्नै देशमा यस्ता समस्या बेहोर्नु पर्दा देश र मनसँगै दुखेको संस्मरणमा उल्लेख गरिएको छ । अर्को संस्मरण ‘कोसभो यात्राः जिउँदी आमाको चिहान तयारी’ मा त्यहाँको गृहयुद्धको व्यवस्थापन गर्न शान्ति सेनामा जाँदाका बसाई र घटनाहरूको बारेमा उल्लेख गरिएको छ । युगोस्लाभियामा विभिन्न जाति भए पनि एकल पहिचानलाई मान्यता दिँदा देश विभाजनको स्थितिमा पुगेको र युद्ध हुँदा देश र नागरिकको स्थिति दयनीय र कष्टकर बनेको उल्लेख गर्दै त्यहाँको संस्कृति,

जातीयता नेपालको जनजाति जस्तो भएको व्यवहारमा आत्मीयता, बङ्गुर पालन गर्ने गरेको, अतिथिलाई रक्सी खुवाउने चलन भएको यस्ता आत्मिक नागरिकहरू घरदेशबाट विस्थापित हुँदा लेखक मर्माहित बन्न गएको उल्लेख गरेका छन् । 'केन्य यात्रा एउटा सुन्दर क्षणको अन्त्य' संस्मरणमा लेखक लगायत ५० जना बेलायतका सैनिकहरू केन्यमा सैनिक एड्मान्चरियर्स तालिमको सिलसिलामा जाँदाका घटनाहरूलाई लेखकले उल्लेख गरेका छन् । नेपालभन्दा ४ गुना ठुलो देश केन्यको एक कुनाबाट अर्को कुनामा पुग्नु पर्ने सैनिक तालिमको व्यवस्थापनमा लेखक रहेको, त्यहाँका मानिसहरू अति धनी र अति गरिब भएकाले सामाजिक र आर्थिक समानता र सुन्दरता भएको, त्यसदेशको राष्ट्रिय निकुञ्जहरूको त्यहाँको कृषकहरूले धेरै धेरै गाईवस्तु पाल्ने गरेको, केन्यको आर्चरपोस्ट सैनिक तालिमको इलाका भएको, सैनिक तालिमको क्रममा लाइकेपिया रिहविटेसन (असहाय सेवा केन्द्र) को सहयोगमा १० लाख सिलिङ पोजेन्ट सम्पन्न गरेको, त्यहाँका नागरिकहरू एच.आइ.भी. एड्सले ग्रस्त भएको कारण विवाहपूर्व स्वास्थ्य परीक्षण गर्ने गरेको आदि घटनाहरूको बेलीविस्तार गरिएको छ ।

'गरिब देशको नागरिक हुनुमा बढी मानवता' शीर्षक संस्मरण विश्वासदिप तिगेलाको साहित्यिक र संस्थागत चिनारी र पीडा तथा नेपाली मर्यादाको सन्दर्भमा बेलायतमा रहँदाको घटनाहरू उल्लेख गरिएको छ । **प्रवासी वेदनाको आवाजहरू** साहित्यिक पत्रिका प्रकाशन गर्न पटक पटक सा'बहरूमा स्पष्टीकरण दिनुपरेको घटना, **मृदुल पदम** वृत्तचित्र प्रस्तुत गरेको कार्यक्रम, २२ वर्ष बेलायती सैनिकमा सेवा गरेर निवृत्त भएको वृद्धाले ट्याक्सी चलाएर (बेलायतमा) उत्तरकालीन जीवन निर्वाह गर्न परेको घटना आदि यस संस्मरणका विषयवस्तु हुन् । सुरूमा पल्टनमा नेपाली साहित्य सिर्जना गर्न आफ्नो जागीरको जोखिम मोल्न जतिकै थिए । यस्तो अवस्थामा लेखकले आफ्नो सक्रियतामा पत्रिका निकाल्न तयार भएको यस संस्मरणको महत्वपूर्ण ऐतिहासिक पाटा नै हो । **प्रवासी वेदनाको आवाजहरू** पत्रिका निकाल्दा स्पष्टीकरण दिनुपरेको घटना यस्तो रहेको छ :

*पत्रिका प्रकाशन प्रारम्भको केही समयपछि दोस्रो गोर्खा पल्टनका तत्कालीन गोरखा मेजर साबले ३ पटक र कम्पनी सहायक साबले १*

*पटक, प्लाटुन कमान्डरले साबले गर्दा ५ पटकभन्दा मसँग स्पष्टिकरण लिनुभो । मलाई विभिन्न डर देखाउनु भयो, धम्काउनु भयो, सम्झाउनु भयो ।*

यसै गरी पाँचौं संस्मरण 'गुफाको राजधानी मुलु यात्रा' हो । विदाको समयमा लेखक लगायत उनका साथीहरू मलेसियाको मुलु केभ घुम्न जाँदाका यात्रालाई विषयवस्तु बनाएका छन् । बाटाका गाउँहरूको सुन्दरता, विकासको विस्तार देख्दा उनलाई गाउँको याद र विकासको सपनाले पछ्याएको छ । मुलुकेभमा पुगेपछि त्यहाँको दृश्य अवलोकन, चमेराको उडाइले अँध्यारो बनाएको दृश्यको रोमाञ्च, पेनान जातिको लङहाउस वस्तीको भ्रमण, आदिको अनुभवलाई सूक्ष्म रूपमा नियात्राकार तिगेलाले प्रस्तुत गरेका छन् । अर्को संस्मरण 'देश बोक्नुको पीडा' मा आफ्नै देशको विकासोन्मुखताले भोग्नुपरेको पीडादायी घटनालाई प्रस्तुत गरिएको छ । फिजीको होटलमा पस्दा र आफ्नो परिचय नेपाली भएको बिदा रिर्जभ भइसकेको बहाना गरी अतिथि समेतलाई यस्तो व्यवहार नेपाली हुनुले गरियो भन्दै यसको कारण यही हो भन्न प्रमाण बेलायतको सैनिकको परिचय पत्र देखाएपछि तुरुन्तै सत्कार गरेको सन्दर्भ उल्लेख गरेका छन् ।

'राम्रो सपना देखेको रात' संस्मरणमा नेपाल लगायत विश्वका विभिन्न मुलुकहरू गरिबीको रेखामुनी पर्नुको कारण राजनैतिक संस्कारको कमजोरी, सुशासनको अभाव, भ्रष्टाचार नै मुख्य कारण भएको उल्लेख गरिएको छ । यसमा लेखकले स्वैरकल्पनाको पनि प्रयोग गरेका छन् । 'बेलायतमा खुसीको सपिङ दुःख समान' संस्मरणमा नेपालीहरू नेपालका सम्पत्ति बेचबिखन गरी बेलायतमा बसाइ सरी नेपाली पुँजी बेलायत भित्रदै गएकोमा चिन्ता गरिएको छ । अन्तिम संस्मरण 'साम्बुरु जातिको एक परिचय' मा यस जातिको संस्कृति, जीवनशैली, पेसाको बारेमा चर्चा गरिएको छ । यसरी नियात्राकारले ९ वटा नियात्रा यस कृतिमा समावेश गरेको छ ।

### ५.१.३.३ भाषा शैली

विश्वासदिप तिगेलाका यस नियात्रा सङ्ग्रहमा प्रयोग भएको भाषा सरल छन् । भाषिक सरलतामा वस्तुको अभियानको सूक्ष्म र विस्तारित छ । अनुभूति र भ्रमणका दृश्यहरूको बारेमा भन्न खोजेको अभिव्यक्ति प्रस्ट रूपमा प्रस्तुत भएको छ । यो उनको भाषिक कला र शक्ति हो भने धेरै विषयवस्तुलाई उनी नै सङ्ख्यामा भाषा खर्च गर्नु र संस्मरण लामो हुनु उनको भाषिक सीमा मान्न सकिन्छ । समग्र रूपमा उनको नियात्राहरू भाषिक दृष्टिले सफल नै मान्न सकिन्छ । उनको भाषिक कलाको उदाहरण एक एक गरी साथीहरूसँग छुट्नु पर्दा कता कता मेरो पहाडहरू धनकुटाको बाल्यकालको याद आयो । रमाइलो मौसममा आउने दसैं तिहारमा सानो हुँदा दिदीहरू हाम्रो घर आएर पर्खंदा नमिठो लाग्थ्यो । आमा रुनुहुन्थ्यो ।

### ५.१.३.४ निष्कर्ष

**देश बोक्नुको पीडा** (२०६४) ९ वटा नियात्राहरूको सँगालो हो । यसभित्र सैनिक तालिम, विभिन्न देशको भ्रमण, पल्टनमा गरिएको साहित्यिक गतिविधिहरूलाई विषयवस्तु बनाइएका छन् । यी संस्मरणहरू घुमफिरको मनोरञ्जन मात्र नभएर राजनीति, गृहयुद्ध, संस्कृति, पर्यटन तथा मानवताको बारेमा पनि लेख्नुको अवधारणा प्रस्तुत भएको छ । त्यसैले पाठकमा मनोरञ्जनका साथै अन्य सूचनाहरू यी संस्मरणहरूले प्रदान गरेको छ ।

## ५.४ अन्य पुस्तकहरूको परिचय

### ५.४.१ जनमुक्ति अभियान

विश्वासदिप तिगेलाले वि.सं. २०५५ मा **जनमुक्ति अभियान** प्रकाशन गरेका छन् । उनले यस पुस्तकमा विश्वास लिम्बू भनेर आफ्नो नाम राखेका छन् । यस पुस्तकको प्रकाशन जनमुक्ति अभियान समूह, काठमाडौं रहेको छ । जम्मा पृष्ठ ८५+४ गरी ८९ रहेको यस पुस्तक महत्वपूर्ण राजनैतिक शब्दहरू भनिए पनि यी शब्दहरूको कोषीय अर्थ मात्र छैन । राज्य र राजनीतिको क्षेत्रमा प्रयोग र अभ्यास

गरिएको यसको सैद्धान्तिक मूल्यलाई समूहमा राखिएको छ । त्यसैले यो पुस्तक शब्दको अर्थको सङ्ग्रह वा शब्दकोष होइन । राजनैतिक शास्त्र पनि होइन । त्यसैले राजनीतिको मान्यता र अवधारणाको परिचय हो ।

### ५.४.२ संक्षिप्त बोर्नियो परिचय

यो पुस्तक २०६४ मा प्रकाशित गरिएको हो । यसमा भूगोल, इतिहास, जीवनी र संस्मरण गरी चार प्रकारका लेखहरूछन् । लेखक स्वयंले भूगोल परिचय भनेका छन् । यस पुस्तकलाई निबन्धका मूल्य अनुसार पनि हेर्न सकिन्छ । तापनि केही लेख ऐतिहासिक घटनामा आधारित गरी मिति सहित उल्लेख गरिएको छ । त्यसैले यो पुस्तक साहित्यको विभिन्न विधा र वाङ्मय विधाका लेखहरू समाहित गरिएकाले यहाँ यस पुस्तकलाई अन्य विधा अन्तर्गत राखिएको छ ।

### ५.४.३ निष्पक्ष संविधान : समृद्ध राष्ट्र

वि.सं. २०६८ मा छैटौं कृतिको रूपमा विश्वासदिप तिगेलाले यस पुस्तक प्रकाशन गरेको हो । जम्मा पृ. १२० रहेको यस पुस्तकमा २२ वटा लेखहरूछन् । ती लेखहरूमा राजनीति, जाति, संस्कृति र इतिहासका घटना र सन्दर्भको बारेमा विश्लेषण गरिएको छ । यी लेखहरू जानकारीमूलकभन्दा पनि लेखकको आफ्नो धारणा र शुभेच्छाको तीव्रता छ । विशेष गरेर नेपालमा पहिलोपटक बन्दै गरेको नयाँ संविधानमा विभिन्न वर्ग, जाति, समुदाय, महिला तथा भूगोलको समावेशिता र स्वायत्तताको सन्दर्भलाई यी लेखहरूले पक्ष पोषण गरेको छ ।

## अध्याय छ

# साहित्यको इतिहासमा विश्वासदिप तिगेला र उनको योगदान

### ६.१ विश्वासदिप तिगेलाको मूल प्रवृत्ति

विश्वासदिप तिगेलाले साहित्य सिर्जनाका अतिरिक्त अन्य वाङ्मयका कृतिहरू पनि लेखेका छन् । यहाँ उनको साहित्यिक मूल प्रवृत्ति राखिएको छ ।

### ६.१.१ देशप्रेम

विश्वासदिप तिगेलाले निबन्ध, कविता र गीत सिर्जना गरेका छन् । उनका यी सिर्जनाहरूमा प्रत्यक्ष र परोक्ष रूपमा देशप्रेमको भावना व्यक्त भएका छन् । देशमा शान्ति, स्वतन्त्रता, मानव अधिकार सुशासन, दिगो विकास, पर्यटन आदि पक्षमा उनका साहित्य सिर्जनाहरू उभिएको छ । उनी जहाँ जहाँ पुगे पनि भ्रमण गरे पनि त्यहाँका प्रकृति, राजनीति, विकास, स्वतन्त्रता सुशासन आदि देखेपछि देश सम्भ्केका हुन्छन् । उनी देशसँग डुलिरहेको हुन्छन् । जस्तैः

> *सँगैको साथी आलेनले गुफाको बाहिरी भागमा फोटो खिच्न अनुरोध गऱ्यो र उसले ब्रिटिसको भ्कण्डा बोकेको रहेछ ....नेपाली जन्मभूमिमा जन्मेकाले मुटुभरि माया नेपालको छ तर परिस्थितिले बेलायतको नुन खानुको आफ्ना पीडा र बाध्यता त्यहाँ फेरि दोहोरियो । मैले नेपालको भ्कण्डा बोकेको भए संसारकै दुर्लभ ठाउँमा प्यारो भ्कण्डा बोकेर फोटो खिच्न पाउने थिएँ ।*
>
> *(देश बोक्नुको पीडा, ०६१, पृ. ५९)*

### ६.१.२स्वदेशको चिन्ता प्रवासको पीडा

विश्वासदिप तिगेलाले प्रवासमा जागिर गर्दा बेहोर्दाका पीडा संस्मरणमा पोखेका छन् । फरक पहिचानका आधार भएका नौलो भूगोल र राजनैतिक परिवेशमा जिउन पर्दा जो कोहीलाई पीडा र समस्या हुन्छन् । उनका संस्मरणमा यस्ता अनुभूतिहरू आएका छन् । यस्ता घडीमा उनले देश विकासोन्मुख हुनुले गर्दा हो भन्दा देशको चिन्ता व्यक्त गरेका छन् ।

### ६.१.३ संस्मरणमा झुकाव

पहिलो कृतिको रूपमा कविता सङ्ग्रह प्रकाशन गरेपछि विश्वासदिप तिगेलाले दुई वटा संस्मरण सङ्ग्रह प्रकाशन गरेका छन् । यी संस्मरण लेखनको अवधिमा उनका कविता सिर्जना शुन्यतामै झरेको छ । यसरी हेर्दा उनको लेखनको क्षेत्र संस्मरण रहेको छ । त्यसैले संस्मरण लेखनमा उनको झुकाव हुन अर्को प्रवृत्ति मान्न सकिन्छ ।

### ६.१.४ लेखनमा सूक्ष्म विश्लेषण

विश्वासदिप तिगेलाको संस्मरण लेखनलाई हेर्दा यात्राको सिलसिलामा देखेका, भोगेका र भएका साना साना वस्तु र घटनाहरूको उल्लेख गरेको छ । उनको नियात्रामा प्राय यात्राको इतिवृत हुन्छ । केही संस्मरणमा पाठकलाई ध्यान नदिइ यात्रावृतान्तमा उनी डुब्न पुगेको छ । यसले गर्दा उनको लेखनमा सूक्ष्म विश्लेषण तथा वृत्तान्त रहेको छ ।

### ६.१.५ संस्कृति र प्रकृतिप्रति प्रेम

पर्यटकीय भ्रमण नै यात्रा संस्मरण हो । यो प्राकृतिक, सांस्कृतिक, मनोरञ्जन, खेलकुद सबै खालका हुन्छन् । विश्वासदिप तिगेलाको भ्रमण प्राकृतिक दृश्यावलोकन र सांस्कृतिक मनोरञ्जनका छन् । उनका संस्मरण लेख प्राकृतिक चित्रणको बढी भए पनिज सांस्कृतिबारे पनि लेखेका छन् । ‘साम्बुरु जाति एक परिचय’ संस्मरण साम्बुरुको संस्कृति माथि प्रकाश पारिएको संस्मरण हो । अन्य संस्मरणमा पनि संस्कृतिको बारेमा लेखिएको छ । त्यसैले यसलाई प्रवृत्तिको रूपमा लिन सकिन्छ ।

### ६.१.६मानवता

पेसाले सैनिक भए पनि लेखमा मानवीय सम्वेदना र शान्ति संवर्द्धना लेखक तिगेलामा उच्च रहेको छ । उनी विभिन्न देशको गृहयुद्धमा शान्ति बहालीको लागि शान्ति सेनामा जाँदाका मानवीय घटनाहरूलाई संस्मरणमा विषयवस्तु बनाएका छन् : जस्तै

*उनीहरू बाहिर आउन नसक्ने गरी गेट लगाइएको थियो । त्यहाँ फलाम दुई मानव आत्मा बिचको न्यानोपनलाई चिस्याएको चिस्याएकै थियो । यस्तो लाग्थ्यो ती न्यानो मानवताहरू कहिल्यै भेट हुँदैन ।*

*(गृहयुद्धको पीडा, २०६१, पृ.१०)*

*त्यहाँ ६ साताभन्दा अघिदेखि सी.एन.टी. का हजारौं सदस्यहरू आफ्नो बालबच्चासँग भोकभोकै बसिरहेका थिए .... आत्मा जतिनै रोएको थियो, खतरा त्यति नै धेरै थियो, तै पनि कहाँ कहाँ सम्भँदा मेरो जन्मभूमिबाट टाढा आइ मानवीय सहयोग गर्नु पाउनु र मर्नै परे पनि बेग्लै मज्जा मानिरहेका थिएँ (ऐजन, पृ. २८ र २९) ।*

यसरी मानवताको प्रस्तुति गर्नु उनको अर्को प्रवृत्ति हो ।

### ६.१.७ भ्रष्टाचारप्रति विरोध

विश्वासदिप तिगेलाको संस्मरणमा देशको विकास सुशासन, सचेत र देशप्रेमी नेतृत्वबाट हुने विश्वास र गृहयुद्ध, अविकास भ्रष्टाचार, नेतृत्वको उत्तरदायित्व हिनताबाट हुने अवधारणा प्रस्तुत हुनुका साथै यस्ता चरित्रको विरोध गरेका छन् । उनको यो घटना विभिन्न मुलुकमा भ्रमण गर्न जाँदा र शान्ति सेना भइ गृहयुद्धलाई व्यवस्थापन गर्न जाँदाको प्रत्यक्ष अनुभवबाट प्रस्तुत गरेका हुन् ।

## ६.२ नेपाली साहित्यको इतिहासमा विश्वासदिप तिगेला

विश्वासदिप तिगेलाले कविता र निबन्ध गरी दुई विधामा आफ्नो उपस्थिति जनाएका छन् । नेपाली साहित्यको यी दुई विधामा विश्वासदिप तिगेलालाई यहाँ समायोजन गरिएको छ ।

### ६.२.१ कविताको इतिहासमा विश्वासदिप तिगेला

वि. सं. १९९१ मा लक्ष्मीप्रसाद देवकोटाले **स्वच्छन्दतावादी धारा** भित्र्याए। यस धाराले वैयक्तिकता, आत्मानिष्ठता, काल्पनिकता, भावुकता, विद्रोहात्मकता, सौन्दर्यात्मकता, अद्‌भूतता, सङ्गीतात्मकता, प्रकृति प्रेम, मानवताजस्ता चरित्रलाई

जोड दिए ।[३६] यस धाराले उच्च जीवनको मात्र नभएर साधारण र सम्पूर्ण जीवनलाई आत्मासाथ गर्दै मानवतावादी दृष्टिकोणलाई प्राथमिकताका साथ उठान गरे । विषय, भाव र भाषाको स्वच्छन्दता र स्वतन्त्रता नै यस धाराले भित्राएको मूल्य हो।[३७] यस धाराका कविहरू लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, युद्ध प्रसाद मिश्र, गोपाल प्रसाद रिमाल, पारिजात, माधवप्रसाद घिमिरेलगायत्का आदि मुख्य प्रतिभा हुन् । विश्वासदिप तिगेला यही धाराका कवि हुन् ।

### ६.२.२ निबन्धको इतिहासमा विश्वासदिप तिगेला

पहिलो चरणका यात्रा निबन्ध वा प्रारम्भिक नेपाली यात्रा निबन्ध साहित्य करवीर रावलको **राजा गगनिराजको यात्रा**लाई मानिन्छ । यसको लेखन १५५० साल मानिएको छ । यात्रानिबन्धको इतिहासमा दोस्रो चरण वि. सं. १९१० मा लेखिएको **जङ्ग बहादुरको बेलायत यात्रा**देखि आरम्भ भएको मानिन्छ । जङ्ग बहादुर राणाकै चरित्रका सन्र्दभमा ब्रिटिस गोर्खा सैनिक प्रतिमान थापा मगरले लेखेका निबन्धकृति **श्री ३ महाराजा सर जङ्ग बहादुर राणाजीको जीवन चरित्र** (सन् १९०८) पनि  छन् ।[३८] सिद्धिमान राजभण्डारीले जङ्गबहादुरको बेलायतको यात्रा वर्णनगरेका छन् भने प्रतिमान थापा मगरले चरित्रको वर्णन गरेका छन् ।[३९] प्रतिमान थापाको यस कृति नेपाली निबन्धको इतिहासमा माध्यमिक कालीन अवधिको कृति हो ।[४०]

नेपाली यात्रा निबन्धको आधुनिक काल वि. सं. २०१०देखि  धाराबाहिक रूपमा लैनसिङ बाङ्देलको यात्रा निबन्ध 'युरोपको 'चिठी' **प्रगति** पत्रिकामा प्रकाशन आरम्भ भए पछिबाट प्रारम्भ हुन्छ ।[४१] यस चरणका निबन्धकारहरू लैनसिंङ

[३६]पुरण राई, **ब्रिटिस गोर्खा सैकि साहित्यको इतिहास**, काठमाडौँ : शमी सम प्रकाशन गृह, २०७०, पृ. ७८ ।
[३७]ऐजन् ।
[३८]पुरण राई, **डायस्पोरा : लाहुरे स्रष्टा र कविता**, काठमाडौँ : ईश्वरी चाम्लिङ र प्रेम रिबुसाल, २०६९, पृ. ३० ।
[३९]ऐजन् ।
[४०]ऐजन् ।
[४१]प्रमोद प्रधान, **नेपाली निबन्धको इतिहास**, काठमाडौँ : रत्नपुस्तक भण्डार, पृ. २३३ ।

बाङ्देल, तारानाथ शर्मा, मातृकाप्रसाद कोइराला, मञ्जुललगायत् दर्जनौं निबन्धकारहरू छन् । यसकालका ब्रिटिस गोर्खा सैनिक यात्रा निबन्धकारहरू नारदमुनि थुलुङ, हर्षबहादुर बुडा मगर, धनहाङ सुब्बा, जी. बी. लुगुन, विश्वासदिप तिगेला, मूलवीर राई र केदार सुनुवार हुन् ।[४२] यसरी हेर्दा विश्वासदिप तिगेलायात्रा निबन्धको आधुनिक कालका निबन्धकार हुन् ।

## ६.२.३ ब्रिटिस गोर्खा सैनिक साहित्यको इतिहासमा विश्वासदिप तिगेला

ब्रिटिस गोर्खा सैनिक साहित्यको इतिहासलाई पुरण राईले प्ररम्भदेखि सन् १९४७ मा भएको भारतको स्वतन्त्रतासम्मको अवधिलाई पूर्व काल र सन् १९४७ देखि यतालाई उत्तर काल मानेका छन् ।[४३] ब्रिटिस गोर्खा सैनिक निबन्ध साहित्यको इतिहासमा सैनिकहरूले निबन्ध लेखनको सुरुवात सन् १९०८ देखि गरेको छ। प्रतिमान थापा मगरको **श्री ३ महाराजासर जङ्ग बहादुर राणाजीको जीवन चरित्र** निबन्धात्मक कृति कल्कताबाट सन् १९०८ तद्नुरूप वि. स. १९६५ मा प्रकाशित भए पछि ब्रिटिस गोर्खा सैनिकहरूका निबन्ध विधाको प्रारम्भ हुन्छ।

ब्रिटिस गोर्खा सैनिक निबन्ध परम्परालाई उत्तर कालमा आएर धनहाङ सुब्बाले जोडेका छन् । उनी ब्रिटिसहरू भारतमा रहँदा भर्ती भएको र भारत स्वतन्त्रता भएपछि ब्रिटिस फर्कंदा ब्रिटिस पल्टनमा गएका सैनिक हुन् । उनले २०१५ मा **हसिमा** निबन्ध/कथासङ्ग्रह प्रकाशन गरे । यसपछि ब्रिटिस गोर्खा सैनिक भएर निबन्ध कृति प्रकाशन गर्ने साहित्यकारहरू विश्वासदिप तिगेला हुन् । सुब्बापछि विश्वासदिप तिगेलाले **गृहयुद्धको पीडा** (२०६१) निबन्ध सङ्ग्रह प्रकाशित गरेर ४६ वर्षको शून्यतालाई चिरे । यसपछिका ब्रिटिस गोर्खा सैनिक निबन्धकारहरू मुलीवीर राई, दयाकृष्ण राई, केदार सङ्केत हुन् ।[४४]

---

[४२]पूर्ववत्, (२०७०) पृ. ८९ ।

[४३]ऐजन्, पृ. २४ ।

[४४]ऐजन् ।

वि. सं. १९९१ मा लक्ष्मी प्रसाद देवकोटाले स्वच्छन्दतावादी धारा भित्र्याए पछि नेपाली कविताको आधुनिक काल आरम्भ हुन्छ ।[४५] ब्रिटिस गोर्खा सैनिक कविता साहित्यको इतिहासमा ब्रिटिस गोर्खा सैनिक कविहरू नेपाली कविताको आधुनिक कालको यही स्वच्छन्दतावादी धारामा समाहित छन् । यस धाराका ब्रिटिस गोर्खा सैनिक कविहरू, हर्षध्वज राई, जी. बी. लुगुन, हर्ष बहादुर बुडा मगर, जीतमान राई, प्रकाश छाङ्छा, प्रेम रिबुसाल, रक्ष राई, गणेश राई, दयाकृष्ण राई, भगवान चाम्लिङ्ग, दूत बहादुर पुन, टंक वनेम, लाल राना, यादव बान्तावा, विश्वासदिप तिगेला, जगत नवोदित, कुमार इस्वो, अन्जान प्रतिकार, विजय हितान मगर, नरेश नाति, ईश्वर चाम्लिङे, चोक गुरूङ, मुकेश राई, नवराज राई, रामकृष्ण सुनुवार, मणि वाङ्देल, मान बहादुर राई लगायत्का छन् ।[४६] तिगेला यही धारका कवि हुन् ।

## ६.३ विश्वासदिप तिगेलाको योगदान

विश्वासदिप तिगेलाले साहित्यको अतिरिक्त विभिन्न क्षेत्रमा योगदान गरेका छन् । यी योगदानलाई तल उल्लेख गरिएको छ ।

### ६.३.१साहित्यिक योगदान

विश्वासदिप तिगेलाको एक कविता सङ्ग्रह र दुई नियात्रा सङ्ग्रह प्रकाशित छन् । **परदेशीको कोसेली कविताहरू** कविता सङ्ग्रहमा **५५** वटा कविता छन् भने **गृहयुद्धको पीडा** (०६१) नियात्रा सङ्ग्रहमा २० वटा नियात्रा र **देश बोक्नुको पीडा** (२०६४) नियात्रामा ९ वटा नियात्रा गरी २९ वटा नियात्राहरू छन् । यसै गरी **संक्षिप्त बोर्नियो परिचय** मा आधा दर्जन निबन्ध छन् । वि.सं. २०७० मा **गोप्य कुरा** गीति एल्बम् पनि उनले निकालेका छन् । यसरी हेर्दा कविता, निबन्ध र गीत विधामा उनको योगदान रहेको छ ।

---

[४५]खगेन्द्र प्रसाद लुइटेल, **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाडौँ : ने.रा.प्र.प्र., २०६०, पृ. २१७ ।

[४६]पूर्ववत् (२०७०) पृ. २४ ।

### ६.३.२ वाङ्मयमा योगदान

विश्वासदिप तिगेलाको वाङ्मय विधाका कृतिहरू पनि प्रकाशित भएको छ । **जनमुक्ति अभियान** (२०५५), राजनैतिक शब्दावली सङ्ग्रह, **संक्षिप्त बोर्नियो परिचय** (२०६४) भूगोल सम्बन्धी र **निष्पक्ष संविधानः समृद्ध राष्ट्र** (२०६८) विचारमूलक लेखहरूको सँगालो उनले लेखेका हुन् । यसले गर्दा उनले नेपाली वाङ्मयमा योगदान पुऱ्याएको छ ।

### ६.३.३ पत्रपत्रिकामा योगदान

विश्वासदिप तिगेलाले आफ्नो प्रधान सम्पादकत्वमा **सौगात** भित्ते पत्रिका (२०५१), **प्रवासी वेदनाको आवाजहरू** निकालेका छन् । यसै गरी इङहाङ (२०६४) चौमासिक पत्रिका र धनुकटा सौगात स्मारिका (२०६५) आफ्नै सम्पादनमा निकालेका छन् भने **पदम सिङ सुब्बा व्यक्तित्व कृतित्व** सामूहिक सम्पादनमा प्रकाशित गरेका छन् । यसका साथै www.nepaliliterature.com र www.nepalisamachar.com उनकै प्रधान सम्पादकत्वमा सञ्चालित छन् । यसरी हेर्दा उनको योगदान पत्रपत्रिका तथा अनलाइन पत्रिकामा रहेको छ ।

### ६.३.४कृति प्रकाशनमा योगदान

विश्वासदिप तिगेलाले हरिराज खेवाको **अपदस्त जिन्दगी** नाटक सङ्ग्रह, झमक घिमिरेको **जीवन काँडा कि फूल** आत्मकथा, अमर तुम्याहाङको **इमानसिङ चेम्जोङ** खण्डकाव्य, राज कुमार दिकपालको **आताङ्कको छायामुनि** कथा सङ्ग्रह, सेसेमी सेरेङ नाल्बोको **शोबु हाङसा** खण्डकाव्य र लोकेन्द्र तिगेलाको **शृङ्खला** कविता सङ्ग्रह प्रकाशन गरिदिएका छन् । यसैले कृति प्रकाशनको क्षेत्रमा पनि उनले योगदान पुऱ्याएको छ ।

### ६.३.६ संस्थागत योगदान

विश्वासदिप तिगेला निम्न संस्थामा आबद्ध भई विभिन्न पदीय भूमिका निर्वाह गरेका छन् । उनी विश्व नेपाली साहित्य महासङ्घ केन्द्रीय समितिका अध्यक्ष (सन् २०१३-१६), प्रवासी नेपाली साहित्य समाज, बेलायत/ब्रुनाईका अध्यक्ष (सन् २०११-१३), गैर आवासी नेपाली सङ्घ,ब्रुनाईका अध्यक्ष (सन् २०११-

१३), गै. आ. ने. सङ्घ अन्तराष्ट्रिय समान्वय समितिका केन्द्रीय सदस्य, अ. ने. सा. स. बेलायत च्यप्टरका महासचिव (सन् २००६-१०), नेपाली साहित्य विकास परिषद्, बेलायतका सहमहासचिव (सन् २००७-१०), धनकुटा प्रतिभा प्रतिष्ठान, बेलायत शाखाका सचिव (सन् २००७-११) लगायत अन्य विभिन्न संस्थाहरूमा संलग्न छन् । त्यसैले उनको संस्थागत योगदान रहेको देखिन्छ ।

### ६.३.७ सामाजिक योगदान

विश्वासदिप तिगेलाले आफ्नो आम्दानीको १० प्रतिशत समाजसेवाको क्षेत्रमा योगदान गर्ने गरेको छ ।[४७] त्यही अनुरूप उनले अन्य साहित्यकारहरूको पुस्तक प्रकाशन गर्न खर्च प्रदान गरेका छन् । यसैगरी प्रवासमा वेपत्ता भएका, अन्यायमा परेका नेपालीहरूलाई सामूहिक रूपमा तथा आफै पनि उनले आर्थिक उदार गर्दै आएका छन् । स्थानीय सङ्घ संस्थालाई आर्थिक सहयोग उपलब्ध गराएका छन् । यसरी हेर्दा उनको सामाजिक योगदान पनि रहेको देखिन्छ ।

## ६.४ निष्कर्ष

विश्वासदिप तिगेला एक साहित्यिक व्यक्तित्व हुन् । नेपाल बाहिर रहेर उनले साहित्य सिर्जना गर्दै आएको छ । नेपाली साहित्यमा योगदान पुऱ्याउनुका साथै पत्रपत्रिका, सामाजिक सङ्घ संस्था स्थापना गरेर उनले संस्थागत योगदान पनि पुऱ्याउँदै आएको छ । हाल विश्व नेपाली महा सङ्घ मार्फत नेपाली साहित्यकारहरूलाई सम्मान र पुरस्कार प्रदान गर्दै आएको छ ।

---

[४७] शोध नायकसँग लिएको अन्तर्वार्ता अनुसार ।

# अध्याय सात
# उपसंहार र निष्कर्ष

## ७.१ उपसंहार

विश्वासदिप तिगेलाको जन्म वि.सं. २०३३ साल कार्तिक २७ गतेका दिन धनकुटा जिल्लाको हात्तीखर्क गा.वि.स. वार्ड नं. २, सुन्तले टोलमा भएको हो। दाजुभाइको सोपानमा यिनी माहिला छोरा हुन् । उनका बाजे बम बहादुर लिम्बू, बाबु मिल बहादुर लिम्बू र आमा टिका माया खापुङ लिम्बू हुन् ।विश्वासदिप तिगेला सानैदेखि लगानशील र परिश्रमी भएकाले बाल्यकालमा तरकारी खेती गर्न पनि निकै सक्षम थिए । विद्यालयको पढाइ सकिएपछि बाटामा नअल्मली छिटै घर फर्केर तरकारी बारीमा जाने गर्दथे । खेती ठुलो तर परिवार सानो भएकाले घरभान्साको पनि कामहरू गर्दथ्यो ।

विश्वासदिप तिगेलाले शिक्षाको आरम्भ गाउँ नजिकको विद्यालयबाट आरम्भ गरी वि.सं. २०४९ सालमा एस.एल.सी. परीक्षा उत्तीर्ण गर । यसपछि धनकुटा बहुमुखी क्याम्पस, धनकुटामा कानुनका विद्यार्थी भए । कानुनको विषयमा दोश्रो वर्षमा अध्ययनरत हुँदा जागिरको सिलसिलामा यिनी ब्रिटिस गोर्खा सैनिकमा भर्ती भए तापनि उनी औपचारिक अनौपचारिक अध्ययन गरी नै रहेको छ । खुल्ला विश्वविद्यालयबाट सूचना प्रविधि विषयमा दिगेलाले सन् २००७ मा अध्ययन सुरू गरे । अहिले सामाजिक विज्ञान विषयमा अध्ययनरत छन् । खुल्ला विश्वविद्यालयले विभिन्न अङ्कन पद्धतिबाट गरिने प्रक्रिया अनुसार उनले स्नातक तह उत्तीर्ण गरेका छन् ।

विश्वासदिप तिगेलाको वैवाहिक सम्बन्ध १८ वर्षको उमेरमा वि.सं.२०५१ साल फागुन २४ मा भोजकुमारी थोक्लेनसँग सम्पन्नभयो । उनका अहिले दुई छोरी र एक छोरा गरी तिन सन्तानहरूछन् ।

विश्वासदिप तिगेलाले लेखनाथ पौड्यालको **तरुण तपसी** खण्डकाव्य, मोदनाथ प्रश्रिदको **नारी बन्धन** र लिल बहादुर क्षेत्रीको **बसाइँ** उपन्याबाट साहित्यको प्रेरणा प्रप्त गर्न पुगे । उनको पहिलो लेख “पाठक प्रतिक्रिया” **यलम्बर**

पत्रिकामा छापिएका थिए । यसपछि नेपालको भौगोलिक विविधता र मनोरम दृस्य, लाहुरे पेसाको कारण र त्यस पेसाभित्रको पीडा तथा उनीभित्रको मानवीय भावना नै उनको लेखनको प्रेरणा बन्न गयो ।

विश्वासदिप तिगेलाको साहित्य लेखनको प्रारम्भ नियात्रा निबन्धबाट भयो । आज उनको लेखनको मुख्य क्षेत्र यही नियात्रा निबन्धनै रहेको छ । उनका ६ कृतिमध्ये २ वटा नियात्रा सङ्ग्रह छन् । यसपछि उनका कविता सङ्ग्रह र गीति एल्बमछन् । यसरी हेर्दा उनका लेखनका क्षेत्र निबन्ध र कविता भएको देखिन्छ । उनका कृतिहरू :

साहित्यिक कृतिहरू

| | | |
|---|---|---|
| कविता सङ्ग्रह | - | परदेशीको कोसेली कविताहरू (२०५५) |
| निबन्ध सङ्ग्रह | - | गृहयुद्धको पीडा (२०६१),देश बोक्नुको पीडा (२०६४) |
| गीति एल्बम | - | गोप्य कुरा (२०७०) |

साहित्य इतरका कृतिहरू

| | | |
|---|---|---|
| शब्द सङ्ग्रह | - | अभियान (२०५९) |
| भूगोल परिचय | - | संक्षिप्त बोर्नियो परिचय (२०६४) |
| लेख सङ्ग्रह | - | निष्पक्ष संविधानः समृद्ध राष्ट्र (२०६८) |

विश्वासदिप तिगेलाको फुटकर सिर्जनाहरू नियात्रा, कविता, गीत तथा विचारमूलक लेखहरू विभिन्न पत्रिकामा प्रकाशित भएका छन् ।

विश्वासदिप तिगेला ब्रिटिस गोर्खा सैनिक हुन् । उनी सैन्य कर्तव्यको सिलसिलामा तथा संयुक्त राष्ट्र सङ्घबाट शान्ति सेनाको भूमिका निर्वाह गर्न सिलसिलामा हङकङ, ब्रुनाई, बेलायत, अफगानिसतान, मेसोडोनिय, पूर्वी टिमोर, नेदरल्यन्ड, बेलिज, फिजी, मलेसिया, सिङ्गापुर, फ्रान्स लगायतका देशहरूको भ्रमण गरेका छन् ।

विश्वासदिप तिगेलाले विभिन्न साहित्यकारहरूका कृतिहरू प्रकाशित गरिदिएका छन् ।

झमक घिमिरेको आत्मा कथा **जीवन काँडा कि फूल,** हरीराज खेवा को एकाङ्की नाटक **अपदस्त जिन्दगी** अमर तम्यहाङको लिम्बूभाषी महाकाव्य **इमानसिंङ चेम्जोङ** लगायत आधा दर्जन छ ।

विश्वासदिप तिगेलाले नेपाली साहित्यिमा पुऱ्याएको योगदान बापत विभिन्न सङ्घ संस्थाले सम्मान तथा पुरस्कृत गरेका छन् । उनले स्रष्टा साहित्य चौतारी सम्मान-सन् २०११, तेह्रथुम जनसम्पर्क मञ्च मलेसिया-सन् २०१२, मितेरी स्वागत सम्मान-सन् २०१३, सङ्घर्षमा कलम साहित्य सम्मान,पोखरा-२०१३ प्रप्त गरेका सम्मान हो । यसै गरी उनी ब्रिटिस गोर्खा सैनिक पनि भएकाले ब्रिटिस सरकारले उनलाई इस्ट टिमोर (सन् १९९९), मेकाडोनिया (सन् २००१), अफगानिस्तान (सन् २००२), कोसोभो (सन् २००७), लङ्ग सर्भिस एन्ड गुड कन्फिडेन्ट मेडल आधा दर्जन पदक तथा मेडल प्रदान गरेका छन् ।

विश्वासदिप तिगेलाका विभिन्न व्यक्तित्वका पाटाहरू छन् : साहित्यकार व्यक्तित्व, कवि व्यक्तित्व, निबन्धकार व्यक्तित्व, गीतकार व्यक्तित्व, लेखक व्यक्तित्व,सम्पादक व्यक्तित्व, प्रकाशक व्यक्तित्व, संस्थापक व्यक्तित्व आदि ।

विश्वासदिप तिगेलाले कविता, गीत, मुक्तक, संस्मरण तथा विभिन्न समाचारमूलक लेख रचनाहरू लेखेका छन् । प्रारम्भमा उनले मुक्तक तथा समाचारमूलक लेखहरू लेखे । यसरी अभ्यास गरेका तिगेलाको लेखन यात्रालाई मोटामोटी रूपमा तिन चरणमा बाँड्न सकिन्छ ।

(क) प्रथम चरण (प्रारम्भदेखि २०५४ सम्म)

(ख) दोश्रो चरण (२०५५ देखि २०६०)

(ग) तेश्रो चरण (२०६१ देखि हाल)

विश्वासदिप तिगेलाको लेखन यात्रा वि.सं. २०५० देखि प्रारम्भ भई ७० को दसकमा आइपुगेको छ । उनको दुई दसकको यात्रालाई हेर्दा उपलब्धिपूर्ण देखिन्छ । हालसम्म उनका ७ कृतिहरू छन् । उनको लेखनका क्षेत्र कविता, गीत, मुक्तक, नियात्रा, भूगोल, राजनीति विश्लेषण रहेको छ ।

विश्वासदिप तिगेलाले साहित्य सिर्जनाका अतिरिक्त अन्य वाङ्मयका कृतिहरू पनि लेखेका छन् । यहाँ उनको साहित्यिक मूल प्रवृत्ति : देशप्रेम, स्वदेशको

चिन्ता प्रवासको पीडा, संस्मरणमा झुकाव, लेखनमा सूक्ष्म विश्लेषण, संस्कृति र प्रकृतिप्रति प्रेम, मानवता, भ्रष्टाचारप्रति विरोध आदि देखिन्छ ।

विश्वासदिप तिगेलाले साहित्यका साथै विभिन्न क्षेत्रमा योगदान गरेका छन् । साहिति्य, वाङ्मय, पत्र पत्रिका, कृति प्रकाशन, संस्था, सामाजिक आदि क्षेत्रमा उनको योगदान महत्वपूर्ण छ ।

## ७.२ निष्कर्ष

विश्वासदिप तिगोलाले साहित्यको साथै भूगोल राजनीति र संस्कृतिको क्षेत्रमा पनि कलम चलाएका छन् । परदेशीको कोसेली कविताहरू प्रथम उनको पहिलो कृति हो ।यसपछि उनले नियात्राहरू लेखेका छन् । उनका ७ वटा कृतिहरू प्रकाशित भएका छन् । उनका लेखनमा भाषिक सरलता र विषयवस्तुको विविधता रहेको छ । उनको लेखनको मुख्य केन्द्र देशप्रेम रहेको छ । तिगेला बेलायतमै बस्दै आएका छन् । जसले गर्दा नेपाली भाषा साहित्यको प्रचार नेपाल बाहिर भएको छ । उनले अन्य साहित्यकारहरूको कृतिहरू प्रकाशन गरिदिएकाले उनीबाट साहित्यको प्रवर्द्धन समेत भएको छ । यसका साथै विभिन्न सङ्घ संस्था स्थापना गरी साहित्यकारहरूलाई पुरस्कृत पनि गर्दै आएको छ । उनले विश्व नेपाली महासङ्घ स्थापना गरेर विभिन्न मुलुकमा छरिएर रहेको साहित्यकारहरूलाई सङ्गठित गर्नुका साथै ती मुलुकमा नेपाली पहिचान र नेपाली साहित्यको प्रचार हुन गएको छ । यसैले यस शोधमा उनको जीवनी, व्यक्तित्व, कृतित्व र योगदानको बारेमा अध्ययन गरिएको छ ।

## सन्दर्भ सामग्री


तिगेला, विश्वासदिप (सम्पा.) **प्रवासी वेदनाका आवाजहरू,** अङ्क, २, ३, ४, ५ ।

————, (२०६१), **गृहयुद्धको पीडा**, बेलायत एवं ब्रुनाई : प्रवासी नेपाली साहित्य समाज ।

————, (२०६४), **देश बोक्नको पीडा**, बेलायत एवं ब्रुनाई : अनलाइन नेपाली साहित्य मञ्च ।

प्रधान, प्रमोद, (२०६६), **नेपाली निबन्धको इतिहास**, काठमाडौँ : रत्न पुस्तक भण्डार ।

विभास, नविन, "सिर्जना लाहुरेका", **मध्यपश्चिम अञ्चलको समालोचना**, पृ. २७७-२८१, २०६६ ।

भट्टराई, गोविन्दराज(२०६३), 'सीमाहीन बिम्बहरू : डायस्पोरिक जीवनको जीवन्त चित्र', **सीमाहीन बिम्बहरू**, बेलायत : नेपाली प्रतिभा प्रतिष्ठान, पृ. भूमिका ।

————, उत्तर आधुनिक विमर्श, काठमाडौँ : मोर्डन बुक्स, २०६४ ।

————, (२०६६), 'चिन्ता र प्रेमको द्वीपमा फर्फराइरहेको विजय पतका देखेर', **ग्रिनविचका प्रतिध्वनीहरू**, बेलायत : नेपाली प्रतिभा प्रतिष्ठान, पृ. ३–२५ ।

राई, पुरण, **नेपाली साहित्यमा ब्रिटिस गोर्खा सैनिक साहित्यकारहरूको योगदान**(२०६८)अप्रकाशित स्नातकोत्तर शोत्रपत्र, त्रि.वि., कीर्तिपुर, ।

————(२०६९), **डायस्पोरा : लाहुरे स्रष्टा र कविता,** काठमाडौँ : चाम्लिङ ईश्वर रप्रेम रिवुसाल।

———— (२०७०), **ब्रिटिस गोर्खा सैनिक साहित्यको इतिहास**, काठमाडौँ : शमी सम प्रकाशन गृह ।

लुइटेल, खगेन्द्रप्रसाद, (२०६०), **कविता सिद्धान्त र नेपाली कविताको इतिहास**, काठमाण्डौं : ने. रा. प्र. प्र.।

सङ्ग्रौला, नारायान प्रसाद, (२०६४), 'बोर्नियोभित्र घोत्लिदा', **संक्षिप्त बोर्नियो परिचय,** बेलायत एवं ब्रुनाई : अनलाइन नेपाली साहित्य मञ्च ।